मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9808835198
9844036278
9803474311
9854028218

नजर हमर

राष्ट्रिय दैनिक

मधेशदृष्टि

www.emadheshdristi.com

Madheshdristi National Daily

वैभव शनिबार ४ पृष्ठको वैभव

**शिव अधिकारी यदुवंशी** - मानव सम्वेदनाको गहकिला पक्ष समेटिएको 'सामा चकेवा'

**राजेन्द्रप्रसाद श्रेष्ठ** - नेपाल संवत्, यसको गरिमामय इतिहास र वर्तमान अवस्था

**अफरोज अर्पण** - अमेरिकामा ट्रम्पको दोस्रो इनिङ्ग

**अशेष अधिकारी** - अभिनयमा नयाँ परिचय खोजिरहेका विजय

वर्ष ३ ● अंक ७ ● २०८१ साल मंसिर १ गते शनिबार ● Saturday 16, November 2024 ● सूर्योदय: बिहान ६:२६ बजे ● सूर्यास्त: साँझ ५:१४ बजे ● पृष्ठ ४+४ ● मूल्य रु. ५/-

# कमलास्नानः ऐतिहासिक र भव्य 'भूतमेला'



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
प्रत्येक वर्ष कार्तिक पूर्णिमामा कमला नदीको तटमा लाग्ने पूर्णिमा (भूत) मेलामा सहभागी हुन यस वर्ष पनि भक्तजन पुगे । उनीहरुले मेलामा सहभागिता जनाए । कमला नदीमा स्नान गरे । बिहीबार रातिदेखि नै कमला नदी किनारमा स्नान गर्न श्रद्धालु पुग्ने क्रम शुरु भएको थियो । शुक्रबार बिहानै स्नान र पूजापाठका लागि शुक्रबार राति नै पुगेकाहरु सारश्वर, चिकना, बनिनिया, बसपिट्टा, बरेरबा, फूलबरिया, उत्तरवाहिनी, इनर्वालगायतका घाटमा भेला भएका थिए ।

कात्तिक पूर्णिमाका अवसरमा धनुषा र सिरहाको सीमानास्थित कमला नदीमा हरेक वर्ष लाग्ने भूत मेलामा सहभागी हुने भक्तजनको घुइँचो बढिरहेकै छ । यसले मेलाको आकर्षण बढाएको छ । धार्मिक आस्थासँग जोडिएको मेलामा धनुषा, महोत्तरी, सिरहासहित विभिन्न स्थान तथा भारतका विभिन्न भूगोलबाट श्रद्धालु भक्तजन सहभागी हुने गर्छन् ।

मेला भर्न पूर्णिमाको अघिल्लो दिन नै भक्तजन आउने गर्दछन् । कार्तिक पूर्णिमाका दिन स्नान, पूजापाठ र दान गर्ने परम्परालाई धार्मिक र सांस्कृतिक महत्वका रूपमा लिइने गरिएको छ ।

पूर्णिमाको अवसरमा लाग्ने मेलामा नयाँ सिकारु धामी झाँक्री आआफ्ना गुरुबाट दीक्षा लिई कमला नदीमा स्नान गरी कमलेश्वरी माताको पूजा आराधना गरी देउता अर्थात् भूत (धामी) खेल्ने धार्मिक परम्परा छ । कमला नदीमा स्नान गरेपछि भूतप्रेत र घरको कुल देवताको प्रभावबाट छुटकारा पाइने जनश्रुति छ । यो दिन भूत, बैताल, देवी–देवता पुज्ने र तिनबाट मुक्ति पाउने परम्परा सदियौँदेखि चल्दै आएको परम्परा हो । यही दिन कमला नदीमा लाग्ने मेलामा हजारौँको संख्यामा धामीझाँक्रीसमेतको उपस्थिति हुनेगर्छ । भूत मेलालाई स्थानीय परम्परा र धार्मिक आस्थासँग जोडिएको एक अद्वितीय सांस्कृतिक पर्व मानिन्छ । नयाँ धामी झाँक्री बन्ने, तन्त्र–मन्त्रमा सिद्ध पाउने र विभिन्न तान्त्रिक विधिहरूको अभ्यास गर्ने मान्यता रहेको मेलालाई नयाँ धामीझाँक्रीको मेला पनि भनिन्छ । स्नानपछि भक्तजन कमला नदीको शुद्ध पानी घर लैजान्छन् । पानी जमिनमा छर्केर पूजा तथा घर शुद्ध गर्न प्रयोग गरिन्छ ।

# कमला बचाऊ अभियान छैठौँ वर्षमा



सबैला नगरपालिका वडा नं. १३ मा पर्ने सितामा घाटमा आयोजित कमला बचाऊ अभियानको छैठो बार्षिकोत्सव भव्य रुपमा सम्पन्न भएको छ । सबैला नगरपालिका वडा नं. १३ को वडा अध्यक्ष देवनारायण महतोको अध्यक्षतामा र कमला बचाउ अभियानको सन्योजक बिक्रम यादव ज्यु जो सन्योजन मा आयोजित बार्षिकोत्सव कार्यक्रम सम्पन्न भएको छ । प्रकृतिको प्रमख तत्व जलको वैदिक विज्ञानमा सर्वाधिक कल्याणकारी मानिएको छ । नेपाल र भारतमा प्राचिन ॅजल संस्कृति' नदीहरुको अधिक महत्व रहेको छ । जहाँ कैयौ नगर र तिर्थ स्थल नदीहरुको किनारमा अवस्थित छ । जल बीनाको जीवन परिकल्पना गर्न सकिदैन । जलश्रोत समुनत समाजको निर्माणको स्तम्भ हो । त्यसैले भनिन्छ कि जल नै जीवन हो । कमला जलाधार संरक्षण अभियानद्वारा कमला बचाऊ, पर्यावरण जोगाउ, भुमि बन्जर हुनबाट बचाऊ, सवै मिलि चुरे जंगल जोगाऊ मुल नाराको छैठो बार्षिक महोत्सव भव्य रुपमा सम्पन्न भएको हो । कमला बचाऊ अभियान संचालनको क्रममा कमला नदी छोएको स्थानीय तह धनुषा र सिरहाका सवै पालिकाहरुको महत्वपुणर् योगदान रहेको छ । अभियानको प्रथम, दोश्रा, तेश्रो, चौथो र पाँचौ बार्षिक महोत्सवको क्रमशः शहिदनगर नगरपालिका र सिरहा नगरपालिका, गणेशमान चारनाथ नगरपालिका, कमला नगरपालिकाको व्यवस्थापनमा सम्पन्न भएको थियोराष्ट्रिय सभा सदस्य तथा पुर्व मन्त्री आनन्द प्रसाद ढुङगानाको प्रमुख आतिथ्यतामा रहेको थियो । कमला बचाऊ अभियानको पहलमा भौतिक विकास गर्नुको साथै धार्मिक साँस्कृतिक विकास पनि गरिने बताउनु भयो । कमला बाधमा दुवै तर्फ कालो पत्र गर्न आयोजना निर्माण गरि संघीय सरकारसँग पहल गर्ने बताउनु भएको छ । कमलाको पौराणिक, ऐतिहासिक तथा धार्मिक महोत्वलाई आत्मसाथ गरि अभियानलाई सफल बनाउन सहयोग गर्ने पछि नपर्ने बताउनु भएको छ । प्रदेश सरकारको अर्थ मन्त्री सुनिल कुमार यादवले कमला बचाऊ अभियानलाई सुरक्षित गर्दै कमला नदीलाई संरक्षण सम्वद्र्धन गर्नु पर्ने बताउनु भएको छ । प्रदेश सभा सदस्य संजय कुमार महतोले कमला अभियानलाई प्रसंसा गर्दै कमला नदीको संरक्षण गर्नु पर्नेमा जौड दिनु भयो ,। कार्यक्रममा विशिष्ट अतिथि रहनु भएका सबैलाका मेयर कारिराम यादवले कमला नदी धार्मिक विषय मात्र नरहेको र नदीमा आएका बाढिले बाध तोडने, धनजनको क्षति गर्ने गरेको कमला बचाऊले यसको बचाऊको लागि पनि काम गर्नु बताउनु भयो । कमला नदी कार्तिक पुणिर्माको दिन धार्मिक मेला लाग्ने गरेको छ । सवैले कमला नदीमै फोहोर फाल्ने गरेको कारण सवै मिलि यसको सफाइ गर्नु पर्नेमा जौड दिनुभयो । मित्र राष्ट्र भारतबाट गंगा समग्रको राष्ट्रिय मन्त्री रामाशंकर सिंहा, मुल सर्युग नदीको अभियानको संयोजक पवन कुमार सिंह, लोक दायित्व राष्ट्रिय अध्यक्ष दुर्गा अस्थाना, लोक संस्कृतिक विद अमीय भुषण लगाएतको कमला बचाऊ अभियानको बार्षिकोत्सवमा उपस्थिति हुनु भएको थियो । कार्यक्रम अतिथिहरुलाई कदर पत्र, टोकन अफ लव, माला, गम्छा लगाएर सम्मान गरिएको थियौ । कार्यक्रममा रघुनाथपुरका भाइ बहिनीले स्वागत नृत्य गरि कार्यक्रमलाई सोभा बढाएका थिए । कार्यक्रम स्थानीय हरिहरनाथ मन्दिर व्यवस्थापनको सहकार्य रहेको थियौ । स्थानीयमा कार्यक्रमलाइ सफल बनाउन विरेन्द्र महतो, समाज सेवी विनोद पाल, पत्रकार सुरेश यादव, मिडिया काउन्सीको सदस्य अर्जुन मण्डल, पत्रकार प्रमोद शर्मा, मुकेश ठाकुर लगायतको उपस्थिति रहैकौ थियौ । कार्यक्रम संचालन कमला बचाऊ अभियानको सचिव एवं मानवअधिकारकर्मी विनोद महराले गर्नु भएको थियो ।

# मुख्यमन्त्री पनि तिलकसहित अयोध्या जाने




**मधेशदृष्टि**
**जनकपुरधाम ।**
आज शनिबार भगवान श्रीरामको ससुराली घरबाट २ सय ५१ जना र ५ सय १ सवारी साधनसहित अयोध्या प्रस्थान गर्दैछ । जनकपुरधामबाट जलेश्वर, मौलापुर, गढीमाई, मौलापुर हुँदै साँझ अबेरसम्ममा टोली वीरगंज पुग्नेछ । त्यसपछि आइतबार राति अबेरसम्म अयोध्याधाम पुग्ने तालिका छ । सोमबार अर्थात् नोभेम्बर १८ मा अयोध्यास्थित रामलला मन्दिरमा तिलकोत्सवको आयोजना गरिने भएको छ । तिलकोत्सवमा मधेश प्रदेशका मुख्यमन्त्री सतिश कुमार सिंह, जानकी मन्दिरका उत्तराधिकारी महन्त रामरोशनदास वैष्णव, मधेश प्रदेशका शिक्षा तथा संस्कृति मन्त्री रानी शर्मा, जनकपुरधामका मेयर मनोजकुमार साह, जनकपुरधाम उद्योग वाणिज्य संघका अध्यक्ष सुरेन्द्र भण्डारीलगायतको सहभागिता रहनेछ ।

भगवान श्रीरामका साथमा चारै दाजुभाइ, तीन रानीले भगवान रामको लागि लुगा, गहनासँगै माखन, दहीचुडा, खीरपुरी, खजुरी, पुर्किया, खजा, लड्डु, केरा, स्याउ, सुन्तला, सुक्खा फल अन्य सामग्री शामेल गरिएको छ ।

अन्य मिठाइ पनि समावेश गरिएका छन् । तिलकोत्सवलाई लिएर जनकपुरबासी उत्साहित छन् ।

# मधेशमा अनुमति नलिई ६६ एन्जिओ सञ्चालित

*समाज कल्याण परिषद्को अभिलेखमा १३ अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले मधेश प्रदेशमा काम गर्ने अनुमति लिएको देखिए पनि प्रदेश सरकारको रेकर्डमा झण्डै ५ गुणा बढी ६६ अन्तर्राष्ट्रिय गैरसरकारी संस्था प्रदेशमा कार्यरत रहेको देखिएको छ ।*

**अनिल पोखरेल**
**राजविराज ।**
प्रचलित कानूनको ख्यालै नगरी मधेश प्रदेशमा केही अन्तर्राष्ट्रिय गैरसरकारी संस्था (एन्जिओ)ले काम गरिरहेको पाइएको छ । उनीहरुले सेवाका लागि पूरा गर्नु पर्ने न्युनतम शर्त पनि पूरा नगरेको पाइएको हो ।

मधेश प्रदेशका विभिन्न पालिकामा साझेदारीमा कार्यक्रम सञ्चालनका नाममा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरुबारे १ सय ३६ वटा स्थानीय तहसँग सूचना माग गरिएकामा सप्तरीमा ४, सिरहामा १, धनुषामा २, महोत्तरीमा २, सर्लाहीमा ३ गरेर १२ स्थानीय तहले मात्र सूचना उपलब्ध गराएको अभियन्ता प्रमोद चालिसेले बताए । उनका अनुसार प्रदेशको एक मात्र महानगर वीरगंजका अतिरिक्त जीतपुर सिमरा, कलैया उपमहानगरपालिकाले पनि सूचना उपलब्ध नगराएको बताए ।

द्विपक्षीय वा बहुपक्षीय साझेदारबाहेक समाज कल्याण परिषद्को अभिलेखमा १३ अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले मधेश प्रदेशमा काम गर्ने अनुमति लिएको देखिए पनि प्रदेश सरकारको रेकर्डमा झण्डै ५ गुणा बढी ६६ अन्तर्राष्ट्रिय गैरसरकारी संस्था प्रदेशमा कार्यरत रहेको देखिएको छ ।

प्रदेश सरकारको रेकर्डअनुसार, सं◌घीय सरकारको रेकर्डमा नरहेका अन्तरराष्ट्रिय गैरसरकारी संस्थाहरु मधेशमा कार्यरत रहेको स्थानीय तहको सूचनाबाट देखिन्छ । कहीँ कतै रेकर्डमा नभएका अन्तर्राष्ट्रिय गैरसरकारी संस्था पनि निर्धक्क प्रदेशमा काम गरिरहेको पाइएको छ । यसरी सरकारको नजर भन्दा बाहिर बसेर कसले कहाँ कुन उद्देश्यले के काम गर्दैछ, कसैले भन्नसक्ने अवस्था छैन । अझ त्यस्तो गम्भीर विषयमा समेत सूचना नदिने, गलत सूचना दिएर सूचना लुकाउने स्थानीय तहको प्रवृत्ति अरु डरलाग्दो देखिएको चालिसेको भनाइ छ ।

समाज कल्याण ऐन–२०४९ को दफा १२ ले सरकारीस्तरमा द्विपक्षीय वा बहुपक्षीय सम्झौताका आधारमा सञ्चालित विदेशी नियोगबाहेक अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले नेपालमा कुनै परियोजना कार्यान्वयन गर्नु परे समाज कल्याण परिषद्सँग काम गर्न अनुमति माग्नु पर्ने र प्राप्त भएपछि बिस्तृत परियोजना पेश गरेर परियोजना स्वीकृतिपछि परीयोजना सम्झौता गरेर मात्र कुनै पनि परियोजना कार्यान्वयन गर्न पाउने व्यवस्था गरेको छ ।

त्यसैगरी, समाज कल्याण नियमावली दोस्रो संशोधन २०७१ अनुसार, अन्तर्राष्ट्रिय सामाजिक संघसंस्था वा विदेशी गैरसरकारी संघसंस्थाले साझेदार संस्था छान्दा जुन जिल्लामा परियोजना सञ्चालन हुने हो, त्यही जिल्लामा दर्ता भएका स्वेदेशी संघसंस्था छान्नु पर्नेछ । यदि परियोजनाको प्रकृतिअनुसारका स्वदेशी सामाजिक संघसंस्था त्यस जिल्लामा उपलब्ध नभएको खण्डमा छिमेकी एवम् जोडिएका जिल्लाबाट साझेदार संस्था छनोट गर्नु पर्ने प्रावधान छ । यसो नभए परिषद् कार्यालयको स्वीकृति लिई अन्य जिल्लाका संस्थालाई साझेदार संस्था छनोट गर्न सकिनेछ । र, छनौट भएका साझेदार संस्थाले समेत समाज कल्याण परिषद्सँग परियोजना सञ्चालनको अनुमति लिनुपर्ने कानुनी व्यवस्था छ ।

तर जिल्लामा सक्षम स्थानीय गैरसरकारी संस्था हँ◌ुदाहँ◌ुदै प्रदेशभर नै एउटै गैरसरकारी संस्थालाई साझेदार बनाई केही अन्तर्राष्ट्रिय संस्थाले समाज कल्याण नियमावलीको खिल्ली उडाएको पाइएको छ । अरुलाई सुशासनको पाठ पढाउँदै हिँड्ने यस्ता द्वैध चरित्रका संस्थाबारे निगरानी गर्नुपर्ने समय आएको सप्तरीका अधिकारकर्मी महेन्द्र सदा बताउँछन् । अनुमति नलिई सञ्चालित संस्थाहरुबारे हामी थप सामग्री दिनेछौँ ।

# इन्धनमा मूल्यवृद्धि

**मधेशदृटि**
**वीरगंज ।**
सरकारले डिजेल र मट्टितेलको मूल्य बढाएको छ । नेपाल आयल निगमले शनिबार रातिदेखि लागू हुनेगरी डिजेल तथा मट्टितेलमा साबिकको मूल्यमा प्रतिलिटर ३ रुपैयाँ बढाएको हो ।

अब काठमाडौं र पोखरामा डिजेल तथा मट्टितेलको मूल्य १ सय ५३ रुपैयाँ हुनेछ । यस्तै, दाङ र सुर्खेतमा १५२ रुपैयाँ प्रतिलिटर र बाँकी क्षेत्रमा १५० रुपैयाँ ५० पैसा प्रतिलिटर कायम हुनेछ ।

पेट्रोल, ग्यास र हवाई इन्धनमा भने मूल्य स्थिर रहेको छ ।

# प्रधानमन्त्रीको चीन भ्रमणको गृहकार्य जारी

**मधेशदृष्टि**
**धनगढी ।**
परराष्ट्रमन्त्री डा. आरजु राणा देउवाले प्रधानमन्त्री केपी शर्मा ओलीको छिमेकी देश चीनमा हुन लागेको भ्रमणका लागि मन्त्रालयले गृहकार्य गरिरहेको बताएकी छिन् ।

धनगढी विमानस्थलमा पत्रकारसँग कुरा गर्दै उनले प्रधानमन्त्रीको चीन भ्रमणका क्रममा हुने छलफलका 'एजेण्डा' चिनियाँ पक्षले पठाउन लागेको बताइन् । परराष्ट्रमन्त्री डा. राणाले भनिन्, 'नेपाल सरकारका मन्त्रालयहरूले चीनसँग कुन–कुन विषयमा सहकार्य र सम्झौता भएको छ, यी सम्झौताको स्थिति के हो भनेर २७ गते अपडेट गर्ने काम भएको छ, परराष्ट्र मन्त्रालयले गृहकार्य गरिरहेको छ, केही दिनमै प्रधानमन्त्रीसहित बसेर चीन भ्रमणका क्रममा कुन–कुन कुरालाई अगाडि बढाउने भनेर निर्णय गर्नेछौँ ।'

उनले नेपालको दुईवटा छिमेकी देश भारत र चीनसँग परापूर्वकालदेखि नै घनिष्ट सम्बन्ध रहेको बताइन् । अर्को प्रसङ्गमा नेपाली कांग्रेसकी नेतृसमेत रहेकी डा. राणाले ठूला र प्रतिस्पर्धी पार्टीको सरकार भएकाले दुवै पार्टीका नेता कार्यकर्ताबीच तल्लो तहदेखि नै समझदारी एवम् सहकार्यका लागि संयन्त्र बनाइएको बताइन् । उनले भनिन्, 'देशमा स्थायी सरकार बनाएर लैजाने भन्ने नेताहरुको योजनालाई साकार पार्न पनि यस्तो संयन्त्र बनाइएको हो ।' परराष्ट्रमन्त्री डा. राणा आफ्नो गृहजिल्ला डडेलधुराको उग्रतारालगायत मन्दिरमा लाग्ने मेलामा सहभागी हुन धनगढी हुँदै शुक्रबार डडेलधुरा गएकी छिन् । पूर्वप्रधानमन्त्री एवम् कांग्रेस सभापति शेरबहादुर देउवा केही दिनदेखि डडेलधुरामै छन् ।

# सिंहदरबारमे राष्ट्रिय विकाश समस्या समाधान समितिक बैसार

**काठमाण्डू ।**
देश समग्र आर्थिक परिसूचकके अवस्था, विद्यमान आयोजनाके प्रगति, समस्या आ समाधानक उपायबारे बातचित करबाक लेल राष्ट्रिय विकाश समस्या समाधान समितिक ५३ औं बैसार सिंहदरबारमे शुरु भेल अइछ ।
प्रधानमन्त्री केपी शर्मा ओलीक अध्यक्षतामे प्रधानमन्त्री तथा मन्त्रिपरिषद्के कार्यालयमे जारी बैसारमे राष्ट्रिय गौरवके आयोजना आ आयोजनाक विद्यमान समस्या तथा तकर कारण आ समाधानक उपायबारे बातचित करबाक लेल विभिन्न १५ कार्यसूची राखल गेल अइछ ।
उक्त कार्यसूचीमे शासकीय सुधार, राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनामे वन क्षेत्रक उपयोग, आयोजना बैंक, सार्वजनिक खरिद प्रयोजनक लेल जिला दररेट, बालसुधार गृह सञ्चालन तथा सडक बालबालिका मुक्त अभियान, सङ्घ, प्रदेश आ स्थानीय तहमे सरकारी भवन, समपूरक अनुदान, सोह्रम् आयोजनाक कार्यान्वयन योजना, आयोजनाक बहुवर्षीय ठेक्का व्यवस्थापन, विद्युत् महसुल सङ्कलन विनियमावली, अनिवार्य तथा निःशुल्क शिक्षा, सार्वजनिक सेवामे इन्टर्नसिप, विपद् उत्थानशील पूर्वाधार निर्माण, विपद्के बाद पुनःनिर्माण तथा पुनःस्थापना अइछ ।
बैसारमे राष्ट्रिय योजना आयोगके उपाध्यक्ष प्रा डा शिवराज अधिकारी समष्टीगत आर्थिक परिसूचकके अवस्था आ प्रवृत्ति, सरकारक सार्वजनिक वित्त परिचालनके अवस्था, सङ्घीयताबाद चालु आर्थिक वर्षधैरके आर्थिक सामाजिक प्रगति स्थिति, प्रदेशसभके समष्टीगत आर्थिक अवस्था, चालु आर्थिक वर्षक प्रगति स्थिति, अइसँ पहिने विकास समस्या समाधान समितिक बैसारके निर्णयके कार्यान्वयन स्थितिलगायत विषयमे प्रस्तुत कएने अइछ ।
बैठकमे उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेल, मन्त्रीगण, प्रदेश सरकारक मुख्यमन्त्रीसभ, प्रधानमन्त्रीक मुख्य सल्लाहकार, सरकारक मुख्यसचिव, प्रधानसेनापति, सङ्घ आ प्रदेश सरकारक सचिवसभलगायत सहभागी छइथ ।

# विद्युत् निर्यातसँ आर्थिक समृद्धिमे योगदान हेबाक अध्यक्ष दाहालके विश्वास

**काठमाण्डू ।**
नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)क अध्यक्ष एवं पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' विद्युत् निर्यात वृद्धि भेलासँ देशक आर्थिक समृद्धिमे महत्वपूर्ण योगदान पहुँचबाक विश्वास व्यक्त केने अइछ ।
पहिलबेर नेपालसँ बङ्गलादेशमे विद्युत् निर्यात भ रहल खबरसँ प्रसन्न छी, जेठमे प्रधानमन्त्रीक रुपमे भारत भ्रमणके क्रममे नेपालसँ बङ्गलादेशमे विद्युत् निर्यात करबाक लेल भारत सरकार सहमत भेल बतौलैन ।
नेपाल विद्युत् प्राधिकरण आइ ४० मेगावाट बिजुली बङ्गलादेश निर्यात केने अइछ । विद्युत् व्यापार इतिहासमे नेपालके बिजुली भारतबाद तेसर देश पहुँचल अइछ । भारतके केन्द्रीय विद्युत् नियमन आयोग नेपालक बिजुली बङ्गलादेश निर्यात करबाक अनुमति देलाक बाद शुक्रदिन प्राधिकरण विद्युत् निर्यात केने अइछ ।

# कूटनीतिक सम्बन्ध मजबुत बनेबाक लेल 'कन्सर्ट' आयोजन क रहल

**काठमाण्डू ।**
नेपाल, जापान आ दक्षिण कोरियाक कलाकार संयुक्त रुपमे 'के पप टुर इन नेपाल' म्युजिकल कन्सर्ट आयोजन क रहल अइछ ।
'ग्राण्ड च्यारिट नेपाल'द्वारा डिसेम्बर २० आ २१ तारिखमे होटल हायातमे कन्र्सट आयोजन हएत । कार्यक्रममे जापान, दक्षिण कोरिया आ नेपालक कलाकार सांस्कृतिक कार्यक्रममे प्रस्तुति देबाक ग्राण्ड च्यारिट नेपालक अध्यक्ष विश्वमित्र सुवेदी बतौलैन । 'तीन देशक कूटनीतिक सम्बन्ध मजबुत बनेबाक लेल साङ्गीतिक कार्यक्रम आयोजन करए लागल छी,' ओ कहलैन, 'कला आ संस्कृति सम्बन्ध प्रगाढ़ होइछ मान्यता स्थापित करए चाहै छी ।'
हुनका अनुसार कोरिया तथा जापानक केल्ट नाइन वी, बस्टर्च ग्रुप, डस्टिन ग्रुप, लभ वन ग्रुप, 'सामुराई' ब्याण्डके कलाकार प्रस्तुति देत । नेपालसँ कुटुम्ब ब्याण्डके सङे गायक दीपक बज्राचार्य आ नेपाल आइडल करण परियारके प्रस्तुति रहत ।

# ठगी करएबला तीन गोटे पकड़ाएल

**काठमाण्डू ।**
वैदेशिक रोजगारमे आकर्षक तलबके लोभ द विभिन्न देशमे पहुँचा देब कहिक रुपैयाँ ठगी अभियोगमे तीन गोटोकेँ पकड़ने अइछ ।
काठमाण्डू अपराध अनुसन्धान कार्यालयक टोली सोलुखुम्बुके नेचासल्यान गाउँपालिका–३ के २२ वर्षीय प्रितिका बास्तोला, चितवनके भरतपुर महानगरपालिका–१० के ३६ वर्षीय शारदा सुवेदी आ भरतपुर महानगरपालिका–४ के २५ वर्षीय सुरज कँडेलकेँ नियन्त्रणमे लेने अइछ ।
प्रितिका युनाइटेड अरब इमिरेट्स (युएई) के दुबई लेल एक गोटेसँ रु दु लाख तथा शारदा आ सुरज संयुक्त अधिराज्य बेलायतके लेल दु गोटेसँ रु एक–एक लाख ल सम्पर्कविहीन भेल पीडितक उपरागके आधारमे हुनकासभकेँ नियन्त्रणमे लेने कार्यालयक प्रहरी उपरीक्षक काजीकुमार आचार्य जानकारी देलैन ।
तीनुगोटेकेँ आवश्यक अनुसन्धान तथा कारबाही लेल वैदेशिक रोजगार विभाग ताहाचलमे पठाएल गेल अइछ ।

# गुरु नानक आइयो ओतबेक सान्दर्भिक छइथः उपराष्ट्रपति

**काठमाण्डू ।**
उपराष्ट्रपति रामसहायप्रसाद यादव शिख धर्मक प्रवदर्धक गुरु नानक देव मानवकेँ 'अपन भितर ईश्वर तकबाक, परिश्रम तथा भोजन एकदोसरकेँ बाइटक खेबाक लेल' देने सन्देश आइयो ओतबेक सान्दर्भिक आ महत्त्वपूर्ण रहल विचार व्यक्त केलैन अइछ ।
गुरुनानक जयन्ती, २०८१ के अवसरमे आइ शुभकामना दैत उपराष्ट्रपति यादव विद्यमान सबकिसिमके विकृति, विसङ्गति आ विभेदके अन्त क समतामूलक, शान्त, सौम्य, सभ्य आ सुसंस्कृत समाजक निर्माणमे दत्तचित्त भ सक्रिय रहबाक लेल आजुक दिन सबकेँ उत्प्रेरित करबाक विश्वास व्यक्त केलैन ।
गुरु नानकके उपदेशकेँ जीवनमे आत्मसात् करैत राष्ट्रिय एकता, परस्पर प्रेम, भ्रातृत्व आ शान्तिक भावना कायम करबाक दृढ सङ्कल्पसँ जीवनमे परिवर्तन अनबाक बात जोड़ दैत ओ अइ जयन्तीसँ सत्य, करुणा आ सेवाभावकेँ प्रेरणा प्रदान करबाक विश्वास व्यक्त केलैन ।
उपराष्ट्रपति यादव स्वदेश तथा विदेशके सम्पूर्ण शिख समुदायमे सुख, शान्ति आ सु–स्वास्थ्य कामना सेहो केलैन अइछ ।
प्रत्येक साल कात्तिक शुक्ल पूर्णिमाक दिन शिख धर्मावलम्बीक गुरु नानक जयन्ती मनाएल जाइछै ।
गुरु नानक देवके स्मरणमे आइ गुरुद्वारामे श्रद्धा आ भक्ति भावसँ कीर्तन तथा दीप प्रज्ज्वलितलगायतके कार्यक्रम आयोजन कएल गेल अइछ ।

# चालिस मेगावाट बिजुली बङ्गलादेश निर्यात भ रहल

**काठमाण्डू ।**
नेपाल विद्युत् प्राधिकरण शुक्रदिन ४० मेगावाट बिजुली बङ्गलादेशकेँ निर्यात करबाक भेल अइछ । विद्युत् व्यापारके नेपाली इतिहासमे भारतके बाद पहिलबेर तेसर देशकेँ बिजुली पहुँचाएब लागल अइछ ।
प्राधिकरणके प्रवक्ता चन्दनकुमार घोष क्षेत्रीय विद्युत् व्यापारमे ऐतिहासिक क्षण छी, राससकेँ प्रतिक्रिया देलैन । भारतके केन्द्रीय विद्युत् नियमन आयोग नेपालके बिजुली बङ्गलादेश निर्यात करबाक अनुमति देलाक बाद शुक्रदिन प्राधिकरण दुपहर विद्युत् निर्यात करबत ।
विद्युत् व्यापार करबाक विषयमे आसिन १७ गते नेपाल, भारत आ बङ्गलादेशक उच्च अधिकारीबीच त्रिपक्षीय सम्झौता भेल छल । सम्झौतामे नेपालसँ प्राधिकरणक कार्यकारी निर्देशक कुलमान घिसिङ हस्ताक्षर केने छलैथ ।
सम्झौताअनुसार हरेक वर्षके १५ जुनसँ १५ नोभेम्बरधैर विद्युत् बङ्गलादेश निर्यात हएत । प्राधिकरण ढल्केबर–मुजफ्फरपुर अन्तरदेशीय लाइनमार्फत भारतीय प्रणालीमे बिजुली उपलब्ध कराएत । उक्त बिजुली भारतीय नोडल एजेन्सी एनभिभीएन अपन प्रसारण प्रणालीमार्फत बङ्गलादेश पहुँचाएत ।
सहमतिअनुसार मुजफ्फपुरसँ भारतीय प्रसारण प्रणाली होइत बहरामपुर भेरमारा चाइर सओ केभी प्रसारण लाइनसँ नेपाली बिजुली बङ्गलादेश पहुँचत । प्राधिकरण प्रतियुनिट आठ रुपैयाँ ६४ पैसामे बिजुली निर्यात करबाक जनौलक अइछ । प्रवक्ता घोषके अनुसार प्राधिकरण २५ मेगावाट क्षमताक त्रिशूली आ २२ मेगावाट क्षमताक चिलिमे जलविद्युत् आयोजनासँ उत्पादित बिजुली बङ्गलादेशके देत । तहिना, बङ्गलादेश सन् २०४० धैर नेपालसँ नौ हजार मेगावाट बिजुली लेबाक अहिसँ पहिने घोषणा क चुकल अइछ । सरकार सन् २०३५ धैर निर्धारण केने कार्ययोजनामे २८ हजार पाँच सओ मेगावाट बिजुली उत्पादन करबाक लक्ष्य राखने अइछ । जइमे १३ हजार मेगावाट आन्तरिक खपत हेत आ १५ हजार मेगावाट भारत तथा बङ्गलादेशकेँ निर्यात करबाक रणनिति लेन अइछ ।
'नेपालक बिजुली बङ्गलादेश निर्यात हेब अपनेमे महत्वपूर्ण आ ऐतिहासिक परिघटना छी,' प्राधिकरणक प्रवक्ता घोषले कहलैन, "लम्बा समयक मेहनतके परिणाम भेटल अइछ ।"

# भाएबहिनके प्रेमक प्रतीक सामाचखेवा पावैन आइ समापन होइत

**महोत्तरी ।**
महोत्तरीसहित पूरा मिथिलामे भाएबहिनके प्रेम देखेबाक पावैन सामाचखेवा आइ समापन भ रहल अइछ ।
कार्तिक शुक्ल पञ्चमीक दिन शुरु भेल ई पावैन पूर्णिमामे समाप्त हेबाक परम्परा अइछ । ई पावैन के अंत में मिथिलानीसब सामा खेल में सतभैया, हात्ती, वृन्दावन, चुगला, सामा आ चखेवाके माटिक आकृति भाएसँ फुटाए क जोतल खेत वा निर्जन वनमे गाड़बाक प्रचलन अइछ । पावैन समापनमे बहिन भाएकेँ दीर्घायूके कामना करैत स्वादिष्ट पकवान दैत छइथ । भाएसभ सेहो गच्छल अनुसार वस्त्र आ नगद दक्षिणा देल करैत अइछ ।



सामाचखेवा पावैनके ११ दिन मिथिलामे बहिन अपन भाएके सौर्यक वर्णन करैत गीत गाबल जाइत अइछ । बोलचालमे 'सामा खेल' सेहो कहल जाइछै ।
पावैनके ११ दिन मध्य राइतधैर चौबाटियापर महिलासभ जमा भ क भाएके पराक्रमके वर्णन करैत चुगलाके सराप दैत गीत गाबैत मनाएल जाइत छै । गीतमार्फत बहिनके प्रेम आ समर्पण भाव अपनासभके मनोवल सदैव उच्च रहबाक मैथिल युवा भङ्गाहा–४ रामनगरक ३० वर्षीय रामईश्वर ठाकुर कहलैन ।
सामाचखेवा करिब साढेÞ पाँचहजार वर्ष पहिने द्वापर युगसँ प्रारम्भ भेल मानल जाइत अइछ । द्वापर युगमे श्रीकृष्णके बेटी सामा चक्रधरसँ प्रेम भेलाक कारणेँ चुगला कृष्णकेँ विभिन्न आरोप सुनाबैत बेटीके चरित्र हत्याके प्रयास कएलक । जइमे सामाकेँ पन्छी बइन जेबाक श्राप देल पौराणीक कथा अइछ ।
श्रीकृष्णके श्रापसँ पन्छी बनल सामा आ प्रेमी चखेवाक मुक्ति लेल कृष्ण पुत्र सामाक भाए साम्ब शिवजीके तपस्या क सामाचखेवाके श्रापमुक्त केने वर्णन पुराणमे भेटैत अइछ । भाए साम्बके वएह गुणकेँ स्मरण करैत सामाद्वारा गाएल गीतके यादमे अपन भाए प्रति कृतज्ञता व्यक्त करैत सामाचखेवा पावैनके परम्परा रहल मिथिला लोकपरम्पराक जानकार सहप्राध्यापक ध्रुव राय बतौलैन ।

# कोप–२९ मे सहभागी राष्ट्रपति भ स्वदेश फिर्ता



**काठमाण्डू ।**
राष्ट्रपति रामचन्द्र पौडेल अजरबैजानक राजधानी बाकुमे आयोजित जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय सम्मेलन (कोप–२९) मे सहभागी भ आइ भोर स्वदेश फिर्ता आएल छइथ ।
त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलके अतिविशिष्ट कक्षमे हुनका उपराष्ट्रपति रामसहायप्रसाद यादव, प्रधानमन्त्री केपी शर्मा ओली, सभामुख देवराज घिमिरे, राष्ट्रियसभाक अध्यक्ष नारायणप्रसाद दाहाल, गृहमन्त्री रमेश लेखक स्वागत केलैन ।
राष्ट्रपतिक स्वागत लेल मन्त्री, सरकारक उच्च पदस्थ अधिकृत तथा सुरक्षा निकायक प्रमुख विमानस्थलमे उपस्थित छलैथ ।
नेपाली सेनाक एक टुकडी राष्ट्रपतिकेँ सम्मानगारतसँ सम्मान केने छल । राष्ट्रपति पौडेल अजरबैजानके अपन समकक्षी इलहम अलियेभके निमन्त्रणमे सम्मेलनमे सहभागी होबाक लेल कातिक २५ गते बाकुदिस प्रस्थान केने छलाह ।
राष्ट्रपति पौडेलक सङ प्रथम महिला सविता पौडेल, राष्ट्रपतिक जल तथा वातावरणविज्ञ डा. परमेश्वर पोखरेल, राष्ट्रपति कार्यालयक सचिव नाराणप्रसाद शर्मा, प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयक सचिव कृष्णहरि पुष्कर, राष्ट्रपतिक प्रमुख स्वकीय सचिव अवज्ञा पौडेल, परराष्ट्र मन्त्रालयक सहसचिव अमृतबहादुर राई, राष्ट्रिय समाचार समिति (रासस)क कार्यकारी अध्यक्ष धर्मेन्द्र झा, राष्ट्रपतिक सञ्चारविज्ञ किरणकुमार पोखरेल सेहो स्वदेश आएल छैथ ।

# मानव सम्वेदनाको गहकिला पक्ष समेटिएको 'सामा चकेवा'





*'सामचे सामचके आबिहे हो, जोतला खेतमे बैठिए हो, सब रङ पटिया ओछाइहियै हो, तै पटियामे के–के सुते, छोटे बरहे लादहैन सुते'*



शिव अधिकारी यदुवंशी

यतिबेला बेलुका रातिको समय यस्ता गीतले मधेशको गाउँ–शहर यस्तै गीतले गाउँबस्ती मन्त्रमुग्ध छन् । मधेशको महापर्व छठ सकिएसँगै यस क्षेत्रमा समाचकेवाको यी र यस्तै गीतले गाउँबस्ती रोमाञ्चकता भरिएको छ । सामाचकेवा पर्वलाई यहाँका आदिवासीसँगै मधेसी समुदायले पनि उत्तिकै आस्था र उत्साहका साथ मनाउँछन् । दिदीबहिनीहरुले दाजुभाइको दीर्घायूको कामना गर्दै समाचकेवा पर्व मनाउँछन् । मधेसको गाउँबस्तीमा बाँसको नाङ्लोमा काँचो माटोबाट विभिन्न आकारका मूर्तिहरु बनाइएका छन् । जसमा समाचकेवा, चुगला, बिरदाबनी, मौहौतिया÷मालिन, कुत्ता, नाह खैबैया, तितिर (समाको साथी), नटुवा, न्याक्दी भलाजी, ढोलकिया÷झाइल बजिया र भमरा राखेर समाचकेवा खेलिरहेका छन् । र यी सबै माटोको आकृति दिदिभाईबीचको अगाध प्रेम, सम्रपण, मायाँ र सदभावलाई दर्शाउने गर्दछन् । दिदी–बहिनीद्वारा दाजुभाइको दीर्घायु, आरोग्य र ऐश्वर्य प्राप्तिको कामना गरिने पर्व हो, सामा चकेवा । दाजुभाइ र दिदीबहिनीका बीचको अगाध एवं स्नेही सम्बन्ध अभिव्यक्त गर्ने पर्वको रुपमा समेत सामा चकेवालाई लिने गरिन्छ । मिथिलाञ्चलमा मनाइने तीनवटा लोकोत्सव प्रत्येक साल उत्साह एवं उमंगसहित सामा चकेवालाई समेत मनाइन्छ । मिथिलाञ्चलमा भाईबहिनबीचको सम्बन्धलाई दर्शाउने मुख्यगरी तीनवटा पर्व मनाइने गरिन्छ । रक्षा बन्धनबाट सुरु भई भैयादूज, भ्रतृद्वितीया(भर–दूतीया) हुँदै सामा चकेवामा गएर समापन्न हुन्छ । कार्तिक शुक्ल पक्षको द्वितीयादेखि पूर्णिमासम्म यो पर्व मनाइन्छ ।

सुरु भएको दिनदेखि पूर्णिमाको दिन विशेष छोरीबेटीलाई बिदाइ गर्ने सरह नै यस पर्वमा बनाइएको माटो मूर्तिलाई बिदाइ गरिन्छ । द्वितीया तिथिका दिन दिदीबहिनीले सामा चकेवा पर्वका लागि माटोको आकृति बनाउने कार्यको शुभारम्भ गरी छठ पर्वको खरना वा पारणदेखि पात्रहरुको आकृति बनाउने कार्यलाई तीव्रता दिइन्छ । मिथिलाञ्चलको प्राचीन सामाजिक, पारिवारिक संस्कार र परम्परालाई इङ्गित गर्ने यो पर्व लोकनाट्यको एउटा रूप हो, जसमा महिला सूत्रधार र पात्रमा माटोका मानव, पशु र चराको आकृति हुन्छन् । जुन मैथिल समाजमा भइरहेको यथार्थ पारिवारिक कथालाई समेट्ने गर्दछ । मानवीय संवेदनाका गहकिला पक्ष समेट्दै मौखिक परम्परामा जीवित रहँदै आजसम्म जीवन्त प्रस्तुति भइरहेको सामा चकेवा पर्व विशिष्ट सांस्कृतिक सम्पदा रहेको छ । जसमा दाजुभाइ दिदी–बहिनीको प्रेम मुख्य आधार भएको यस पर्वले भाइ–बहिनी र पति–पत्नीको अमर प्रेम, समर्पण, उत्सर्ग र श्रद्धा प्रदर्शित गरिन्छ ।



'सामा' स्त्री पात्र र 'चकेवा' पुरुष पात्र हुन् । दुइटैलाई चराका रूपमा माटोको बनाइएको हुन्छ । त्यस्तै अन्य पात्र पनि माटोकै बनाइन्छ । यस पर्वमा माटोबाट सामा चकेवा, चुगला, ढोलिया, भरिया, सतभैया अर्थात सप्तऋषि, खञ्जनचिडैया, वनतीतर, झाँझी कुत्ता, भैया बटतकनी, मलिनियाँ र वृन्दावनलगायतका पात्र बनाइन्छ ।

सांस्कृतिक विद् रामदयाल राकेशद्वारा लिखित पुस्तकमा यसमा 'सतभैया' (सप्तऋषि) को प्रतीकका रूपमा सम्मानित हुन्छ र बहिनी (दुईचार वटा विपरीत दिशामा मुख भएको जुन साम्ब र सामाको प्रतीक हुन्छ आदिको मृण्मय मूर्ति बनाइन्छ तर चुगलाको मूर्ति माटोबाट नबनाएर सिक्की भने मिथिलाञ्चलमा सहजरूपमा प्राप्त खरको जरातिर माटोले पूरै छोपेर बनाइएको झाडजस्तै (वृन्दावनको प्रतीक), यसको दुवैतिर लामो–लामो जुँगा भएको जुट (सनपाट) बाट माटोको मानवाकृति भएको चुगला (कुरा लगाउने डिहुली सहायकको प्रतीक बनाइन्छ) माटोको छोप्ने हुने पोती (भकारी) जसमा सामा चकेवाको खानका लागि चिउरा र गुँद राखिने उल्लेख छ ।

यी सबै मूर्तिहरू बनाएर त्यसलाई चामलको पिठाको झोलले पछि विभिन्न रङमा रंगाएर यसलाई सिँगारिन्छ । यी सबै मूर्तिलाई कोठी (माटोको सानो भकारी) माथि राखिन्छ । साँझ परेपछि प्रत्येक घरका किशोरीहरू एउटा बाँसको नयाँ निर्मित दौरामा (टोकरी) टुकी बालेर एउटै झुण्डमा गीत गाउँदै आ–आफ्ना घरबाट निस्केर पूर्वनिर्धारित ठाउँमा एकत्रित भएर सामा चकेवाको लोकोत्सव संगीतमय र नृत्यमय वातावरणमा मनाउँछन् ।

*'डालाले बहार भेली, बहिनी से पलाँ बहिनो, फलाँ भैया लेल डाला छीन, सुनु गे राम सजनी । '*

सामा चकेवा पर्वमा माटोको आकृति बनाएर दिदी–बहिनीले मनोवाञ्छित फल प्राप्तिको कामना गर्दछन् । मूर्तिलाई चलायमान गरी संवादको आनन्द उठाउँछन् ।

डालामा राखिएका सबै माटोका मूर्तिहरू त्यत्ति बेला जीवन्त भएर आउँछन्, जब महिला त्यसलाई पात्रका रूपमा उभ्याएर गीति संवाद बोल्छन् । 'हसि–मजाक' र 'ठट्टा' गर्दै स्थानीय चेलीबेटीले माटोको मूर्तिहरूलाई जीवन्त राखेको आभास गराउँछन् ।

मिथिला लोक पर्व एवं संस्कृतिमा उल्लेख भए अनुसार सामा चकेवाको प्रचलन मिथिलामा प्राचीन कालदेखि नै रहेको पाइन्छ । यसको सर्वप्रथम चर्चा पद्रमपुराणमा गरिएको जानकार बताउँछन् । यो पूर्णरूपमा भाइबहिनीको प्रेममा आधारित छ । भाइको वीरता, उदारता र प्रशंसाको वर्णन, बहिनीको अदभूत भ्रातृत्व प्रेमको चित्रण, चुक्ली गर्नेहरूको प्रतीक चुगला प्रवृत्तिको निन्दा, सामाको ससुराल जाने प्रसंगको मार्मिक क्षणजस्ता गीति संवाद र अभिव्यक्तिको छोटो कथातत्व बोकेको गीति संरचना छ ।

स्कन्द पुराणमा सामा चकेवाको कथा सम्प्रसङ्ग उल्लेख गरिएको छ, जसअनुसार श्यामा (सामा) र चकेवा पति–पत्नी हुन् । श्यामाका पिता कृष्ण छन् भने पति चारूवक्य (चकेवा) । चारूवक्य आश्रममा बस्दथे । श्यामा आफ्ना पतिलाई भेट्न आश्रम गइरहँदा चुगलाले कृष्णकहाँ गई चुक्ली लगाए–श्यामा कुनै मुनिसँग प्रेम गर्छिन् रे । कृष्ण रिसाएर श्राप दिई चरा बनाइदिए ।

भाइ शाम्बलाई जब यो थाहा भयो, उनी छटपटिन थाले । बुवासँग अनुनय विनय गरे । केही सीप लागेन । अनि तपस्या सुरु गरे । कार्तिक पूर्णिमाका दिन तपस्या पूर्ण भयो र वरदानमा बहिनी श्यामा (सामा)को पूर्वरूपमा पाए । त्यसैले बहिनीद्वारा भाइका लागि यो पर्व मनाउने गरिन्छ ।

चारूवक्य पत्नी वियोग सहन गर्न नसकेर तपस्याकै भरमा चकेवाका रूपमा चरा हुन पुगे । चरा भएकी पत्नी सामासँग बस्न थाले । त्यसै क्रममा उनीहरूको बास रहेको वृन्दावनमा विरोधीले आगो लगाए । उठीबास गर्न धेरै प्रयत्न गरे तर अन्ततः आफ्नो तपस्या र पराक्रमले उनीहरू पुनः मानवरूपमा अवतरण भएको आख्यान रहेको छ ।

यस पर्वमा मिथिलाञ्चलको पारिवारिक जीवन तथा लोक आस्थाको अटुट सम्बन्ध देखिन्छ । मानव मात्र हैन, घर परिवारमा रहने चरा, झाँझी कुत्ता, वनतित्तर र जंगली जीवनको अदभूत समन्वय रूप देखिन्छ ।

समाज र परिवार जहाँ हुन्छ, त्यहीँ चुक्ली गर्ने, षड्यन्त्र गर्ने चुगलाजस्ता पात्र हुन्छ । कठपुतली नृत्यको आभास दिने यो पर्वमा डोरीले हैन, हातले सञ्चालन हुन्छन् र महिला सूत्रधारका रूपमा जीवनका गाथा लोक धुनको आधारमा गाउँछिन् जसमा अपूर्व र विशिष्ट शैलीको जनजीवनकै उद्वेग प्रवाहित भइरहेको हुन्छ ।

# नेपाल संवत्, यसको गरिमामय इतिहास र वर्तमान अवस्था

नेपाल संवत् अन्तर्राष्ट्रिय जगत्मै आफ्नो देशको पहिचान बोकेको एकमात्र संवत् हो । नेपाल संवत् नामैले देशको पहिचान दिन समर्थ छ । विश्वमा अरु कुनै पनि त्यस्तो सवत् प्रचलनमा भएको देखिँदैन, जसले देशको नामबाटै आफ्नो संवत्लाई चिनाएको होस् । त्यसैले, नेपाल संवतले सिङ्गो नेपालको राष्ट्रिय स्वाधीनता, एकता र राष्ट्रियतालाई आफूभित्र समेटेको छ भन्दा अत्युक्ति हुँदैन ।

नेपालमा धेरै संवत् प्रचलनमा आएका भेटिन्छन् । इस्वी (गे्रगोरियन), शक, मानदेव, विक्रम, हेबर्, हिजरी, चिनियाँ, कलिगतलगायत अरु थुपै सम्वत् हामीकहाँ चलनचल्तीमा देखिन्छन् । नेपालभित्र प्रचलनमा रहेका जति पनि संवत्हरू हामी देख्छौं, नेपाल संवत्ले ती संवत्हरूभन्दा भिन्न इतिहास र भावना बोकेको पाउँछौं । नेपाल संवत् जति जनस्तरमा व्याप्त छ, चर्चित छ र राष्ट्रिय संस्कतिसँग अभिन्न रूपमा गाँसिएको छ, अरु संवत् त्यस्तो देखिँदैन ।

नेपाल संवत् नेपालको चाडपर्व लगायत जन्मदेखि मृत्युसम्मका सम्पूणे संस्कारहरूको मुख्य आधार हो । यस संवत्मा तिथिमितिदेखि यावत् कुराहरू व्यवस्थित छन् । कतिपय यस्ता संवत्को चर्चा पनि हुने गर्छ, जसको वर्ष गणना भए पनि तिथिमिति देखिँदैन । बुद्ध संवत्, यले संवत् यसका उदाहरण हुन् । यसमा तिथिमिति देखिँदैन । नेपाल संवत् नै एक मात्र यस्तो संवत् हो जुन जनस्तरमा आजपर्यन्त सर्वस्वीकार्य भई प्रचलनमा रहिआएको छ ।

इतिहास केलाएर हेर्दा विसं १८२५ (नेपाल संवत् ८८८) मा गोरखाका राजा पृथ्वीनारायण शाहले आफ्नो राज्य विस्तार गरी तत्कालीन नेपालमण्डल, जसभित्र कान्तिपुर, ललितपुर, भक्तपुर र द्वाल्खा चारवटा स्वायत्त राज्य थिए, त्यसमध्ये कान्तिपुर विजयपश्चात् क्रमशः अरु राज्यहरू पनि आफ्नो नियन्त्रणमा लिए । लिच्छविकालमा नेपाल उपत्यका र वरिपरिको भूभागलाई नेपालमण्डलको नामले पुकारिन्थ्यो । नेपालमण्डल शब्दको प्रयोग नेपालमा तत्कालीन दक्षिण एसियामा प्रचलित महाजनपद राज्यहरूजस्तै सङ्घीय नेपाल भन्ने अर्थमा प्रयोग भएको देखिन्छ । त्यतिबेला नेपालमण्डल पाँचवटा राज्यहरूको सङ्घराज्य थियो । तत्कालीन कान्तिपुर, ललितपुर, भक्तपुर, बनेपा र द्वाल्खा विभिन्न कालखण्डमा अस्तित्वमा आए र यसको सङ्घीय स्वरूप नेपालमण्डल थियो । बनेपा राज्य भक्तपुरमा गाँभिएपछि त्यो चारवटा राज्यको सङ्घ थियो । नेपाल संवत् नेपालमण्डलभरि प्रयोगमा थियो । गोर्खा राज्य विस्तारको माध्यमबाट आजको आधुनिक नेपालको स्थापना गरेपछि नेपाल संवत्लाई हटाएर शक संवत् प्रयोगमा ल्याउने काम भयो ।

नेपालमा शक संवत् दुईपटक प्रयोगमा आए । पहिलोपटक लिच्छवि कालमा शक संवत् प्रयोग भयो, पछि फेरि शक संवत् हटेर मानदेव संवत् र त्यसपछि नेपाल संवत् प्रयोगमा ल्याइएको देखिन्छ । दोस्रोपटक वर्तमान आधुनिक नेपाल निर्माणपश्चात् पृथ्वीनारायण शाहले पुनः शक संवत् प्रयोगमा ल्यायो । वर्तमान भारतको स्थापनापूर्व त्यहाँ झन्डै ५६५ वटा रजौटा राज्यहरू थिए । त्यसमध्येका विभिन्न राज्यहरू वज्जी, लिच्छवि, गुजरात, मेवाड, चितौड आदिमा शक संवत् चल्दथ्यो । यसरी पुनः शक संवत् प्रयोगमा आउनाका कारण केलाउँदा पृथ्वीनारायण शाहले आफ्नो पुख्र्यौली राज्यमा प्रचलित संवत् भित्र्याएको देखिन्छ ।

त्यतिबेला नेपालको आफ्नै नेपाल संवत् अस्तित्वमा आइसकेको थियो । नेपाल सवत् फेरि शक संवत्कै परिमार्जित र विकसित रूप पनि हो । किनकि नेपालको तिथिमिति र चाडपर्वलाई निरन्तरता दिने मात्र हैन त्यसलाई क्रमबद्ध रूपमा मनाउने पद्धति यसमै निहीत छ । जस्तै नेवाः समुदायले मनाउने मोहनी अरु समुदायले मनाउने दशैं वा दशहराभन्दा अलि भिन्न छ । नेवारहरूले कुछि भ्वय्, स्याक्वःत्याक्वः, चालँ (अर्थात् अष्टमी, नवमी र दशमी) मनाउँछ, जुन आदि कालदेखि नै क्रमवद्धरूपमा मनाउने चलन थियो र छ । स्वन्ति दीपावली (तिहार) भनेर लगातार तीन दिन तीन वटा तिथिमा लगातार मनाउने चलन चलिरहेको छ । नेपाल संवत् अनुसार नेवाः समुदायले लक्ष्मी पूजा वर्षको अन्तिम दिनका रूपमा मनाउँछन् । त्यस दिन विशेष गरी वर्षभरिकै हिसावकिताबको फरफारक गर्ने काम हुन्छ । लक्ष्मी पूजा गरेर धनको देवता मानेर धनधान्यले पूर्ण होस् भनेर आराधना गर्ने गरिन्छ ।

भोलिपल्ट नेवाः समुदायले म्ह पूजा (आत्म पूजा) गर्छन् । यसमा मन्द बनाएर आफ्नो शरीरलाई पूजा गर्ने गरिन्छ । मन्दःमा धान (वा), लावा (ताय्), आखे, गेडा मास (ग्वमाय्) कालो भट्मास (हाकुमुस्या) लगायतका खाद्यवस्तुलाई समेत राखी पूजा गरेर सुस्वास्थ्य र दीर्घायुको कामना गर्ने गरिन्छ । त्यसरी नै बिमिरा, ओखर, बदाम आदिलाई पनि पूजा गर्ने चलन छ । नेपाल संवत्को प्रारम्भपछि दोस्रो दिन किजापूजा (भाइटीका) मनाइन्छ । त्यस दिन वसुधैव कुटुम्बकमको मान्यताअनुसार भातृत्वभाव प्रदर्शन गर्दै दिदीबहिनी दाजुभाइ एक आपसमा मायाँ र खुसी साट्छन् । यस्तो परम्परा नेपाल संवत् प्रारम्भ हुनुभन्दा अगाडि नै भए पनि यसलाई पछि नेपाल संवत् प्रारम्भ गर्दा म्ह पूजाकै दिनबाट नयाँ वर्ष सुरुआत गरिंदा सुनमाथि सुगन्ध भनेजस्तै भयो ।

पृथ्वीनारायण शाहबाट आधुनिक नेपाल निर्माण भएपछि जुन कारणले हटाइ सकेको शक सम्वत् नेपालमा पुनः चलाएपछि राणाहरूले सत्ता हातमा लिएपछि त्यसैको हुबहु नक्कल गरेर शक संवत् हटाए र वि.सं. १९६२ (नेपाल संवत् १०२६) मा तिनीहरूले पनि आफ्नै पुर्खासँग जोडेर विक्रम संवत् भित्र्याए । नेपालमा राणा शासन सुरु भएपछि जनताका राजनीतिक र आर्थिक अधिकार मात्रै होइन, सांस्कृतिक अधिकारहरू पनि थप हनन भए ।

नेपालको इतिहासका जानकार सबैलाइ थाहा छ, जंगबहादुर राणा नभई कुँवर थरका थिए । राजकूलका भारदार रहेका उनले कोत पर्व गरी सत्ता हातमा लिएपछि आफ्ना पुर्खाहरू तत्कालीन उज्जैन राज्यको राणाखलक भएको बताउँदै त्यहाँका राजखलकसँग नाता जोडेर कुँवरबाट राणा बने । चन्द्र शमशेरको पालामा आएर तत्कालीन उज्जैन राज्यमा प्रचलित विक्रम संवत्लाई नेपालमा प्रचलनमा ल्याउने घोषणा गरे । यदि राणाहरूमा राष्ट्रियताको भावना भएको भए नेपाल संवतलाई नै पूर्ण प्रयोगमा ल्याउन सक्थे ।

नेपालमा विक्रम संवत् चलाउनुपर्ने पक्षमा तर्क दिँदा अघि सार्ने एउटा मुख्य तर्क त्यतिबेलासम्म नेपालमा प्रचलनमा रहेका संवत्हरू तिथिमा आधारित भएकाले प्रत्येक ४ वर्षमा १२ महिनाको सट्टा १३ महिना हुने हुँदा अतिरिक्त एक महिनाको तलब भत्ता बढी खुवाउन पर्ने बाध्यता हो भन्ने गरेको छ । तर विक्रम संवत् भित्राएको बखत त्यस संवत्मा पनि त्यहि समस्या थिए । त्यसैले त्यसमा कुनै सत्यता देखिंदैन । किनभने तत्कालिन समयमा उज्जैनमा प्रचलित विक्रम संवत् पनि तिथि सम्वत् (लुनार क्यालेन्डर) अर्थात चन्द्रमासमै आधारित थिए । नेपालमा भित्रयाइएका बेला श्री ३ चन्द्र शम्शेरले संवत् मात्रै भित्र्याएको नभई केही ब्राह्मण र ज्योतिष पनि भित्र्याए र त्यसमा गते थप्न निर्देशन दिए । अहिले पनि भारतको राजस्थान राज्यका केही भागहरूमा चन्द्रमासमै आधारित विक्रम संवत् प्रचलनमा छ । अहिले पनि कृष्ण पक्ष, शुक्लपक्ष भन्ने गरिन्छ त्यहाँ । नेपालमा गते थप्ने कामको निर्णय चन्द्र शमसेरको पालामा भए पनि गते थपेर सरकारी कामकाजमा प्रयोगमा ल्याउने काम भने भीम शमसेरको पालामा भएको कुरा प्रो. माणिक लाल श्रेष्ठले उल्लेख गर्नुभएको छ । यसरी विक्रम संवत् चलाउनुको पछाडि कुनै राष्ट्रिय भावना देखिँदैन । साँच्चै नै राष्ट्रिय भावना वा एकतालाई महत्व दिन चाहेको भए नेपाल संवत्मै पनि गते थप्न सकिन्थ्यो ।

नेपालमा नेपाल संवत् प्रयोगमा ल्याउनु पर्छ भनिरहँदा सबैको मनमा उब्जने प्रश्न भनेको कसरी प्रयोगमा ल्याउने भन्ने हो । त्यसका बारेमा अहिले विभिन्न चर्चा परिचर्चा हुने गरेको छ । पहिलो कुरा नेपालमा यो स्तरीय छैन, वैज्ञानिक छैन भनेर प्रश्नहरू उठाउने गरिएको छ । नेपाल संवत्को ऐतिहासिकता, वैज्ञानिकता र व्यावहारिकताका बारेमा संवत्माथि उठ्ने उठाइने यी सवाललाई हामीले हल गर्न जरुरी छ । हामीले बुझ्नुपर्ने कुरा के हो भने नेपाल संवत् प्रयोगको



राजेन्द्रप्रसाद श्रेष्ठ

इतिहास गरिमामय छ । यो वैज्ञानिक पनि छ । तर स्तरीय छ कि छैन भन्ने सवालमा वहस हुन सक्दछ । सौर्यमासमा आधारित इस्वी सम्वत् पनि कतिपय देशमा पछि सुधारिएकै हो । रुसमा अक्टोवर क्रान्ति जुलियस सिजरले विकास गरेको संवत् अनुसार अक्टोबर २५ मा भएको थियो । पछि पोप ग्रेगोरीले परिमार्जित गरेका सौर्यमासमा आधारित पात्रोमा मिलाउँदा अक्टोबर क्रान्ति नोभेम्बर ७ मा पर्न गयो ।

सौर्यमासको क्यालेण्डरको सैद्धान्तिक अवधारणा भनेको मेष राशिदेखि १२ राशिको सूर्यको भोगावधि हो, जसको अवधि ३६५.२५ दिन हुन्छ । अर्को भाषामा भन्दा पृथ्वीलाई सूर्यको परिक्रमा पूरा गर्न लाग्ने समय ३६५ दिन र ६ घण्टा हो । त्यसैले सौर्यमासको क्यालण्डर भनेको वर्षमा ३६५.२५ दिनको व्यवस्थापन हो । सौर्यमास पात्रो नै भए पनि विक्रम संवत्मा पनि धेरै खोटहरू छन् । कुन सालमा असारमा ३२ दिन हुन्छ भन्ने कुरा निक्र्योल नहुने मात्र होइन, यसमा अधिक वर्ष ९ीभबउ थ्भबच० कहिले पर्छ भन्ने पनि थाहा हुँदैन । यसको गणना नमिल्दा असोजमा मनाउनुपर्ने चाडपर्वहरू समेत कार्तिकमा पर्न थालि सक्यो । असारे गीत जेठमा गाउनुपर्ने भइसक्यो । त्यसैले विक्रम संवत् सुधारका अभियन्ताहरूले अव चाड पर्वहरू १ महिना अगाडी सार्नुपर्ने बताउन थालेका छन् । उहाँहरूको तर्कअनुसार विक्रम संवत् २४ दिन ढीला भइसकेका छ । यसरी हेर्दा सौर्यमासको क्यालेण्डरमा पनि सुधार आवश्यक छ ।

अर्को कुरा चन्द्रमासको तिथि संवतमा सौर्यमासको गते थप्दा आउने समस्याहरू पनि ज्युँका त्युँ छन् । विक्रम संवत्मा चन्द्रमासको तिथिसँगै सौर्यामासको गते थपेर प्रयोग गर्दा यस संवत्मा कुनै वर्ष चैत दसैँ नै नहुने, कुनै वर्ष २ पटक चैत दसैँ पर्ने समस्या पनि छ । त्यहि भएर होला सायद भारतले सरकारी कामकाजमा इश्वी संवत् प्रयोग गर्ने गरेको छ । चीनले पनि आफ्नो राष्ट्रिय संवतमा सौर्यमासको तरिख वा गते नथपी इश्वी संवत् नै प्रयोग गर्ने गरेको छ ।

प्रत्येक ४ वर्षमा १२ महिनाको सट्टा १३ महिना हुने अधिक मासको समस्या त कुनै पनि चन्द्रमासको क्यालेण्डरमा हुन्छ नै । यसको कुनै हल निकाल्न सकिँदैन । किनकि चन्द्रमासको क्यालण्डरको सैद्धान्तिक अवधारण सौर्यमासको भन्दा फरक छ । चन्द्रमा पृथ्वीको एक मात्र उपग्रह हो । यसले सूर्यको विपरीत पृथ्वीको फन्को मार्दछ । यसले हरेक २७.३ दिनमा पृथ्वीको परिक्रमा पुरा गर्छपैथ्वीको गिुरुत्वाकर्षण शक्तिले चन्द्रमालाइ प्रभाव पारिरहेको हुन्छ ।

प्रत्येक २९.५ दिनमा चन्द्रमा पुनः यथास्थितिमा फर्किन्छ । चन्द्रमासको संवत् चन्द्रमाको यहि घुम्ने चालमा आधारित हुन्छ । यसरी हेर्दा १ वर्षमा २९.५ गुणा १२ बराबर ३५४ दिन हुन्छ । त्यसैले प्रत्येक ४ वर्षमा अधिक मास हुन्छ । यो कुरा विज्ञानसंगत कुरा नै हो । यहि कारणले प्रायजसो देशहरूमा सरकारी कामकाजमा चन्द्रमासको संवतभन्दा सौर्यमासको संवत् प्रयोग हुन थालेको हो ।

चीनमा आफ्नो चिनियाँ क्यालेण्डर भएपनि उनीहरूले आफ्नो चाडपर्वमा मात्र प्रयोग गर्ने गरेका छन् र सरकारी कामकाजमा इस्वी संवत् नै प्रयोग गर्छन् । भारतमा शक संवत्, विक्रम संवत्लगायत थुप्रै संवतहरू छन् । भारतले शक संवत्लाइ्र आफ्नो राष्ट्रिय संवत्को मान्यता दिएको छ तर सरकारी कामकाजमा इस्वी संवत् नै प्रयोग गर्ने गरेको छ । नेपालमा सौर्यमास थपेर विक्रम संवत् चलाए, तर यो वैज्ञानिक र स्तरीय देखिंदैन ।

आजभोली नेपाल संवत्मा पनि सौर्यमास क्यालेन्डर निकाल्न थालिएको छ । त्यसमा ग्रेगोरियन क्यालेन्डर जस्तै प्रत्येक ४ वर्षमा छैठौं महिना अर्थात चउला (महिना) मा १ दिन थपी अधिक वर्ष मिलाइएको छ । त्यसअनुसार नेपाल संवत्को पहिलो पाँच महिना अर्थात् कछला, थिंला गर्दै चिल्ला सम्मको पाँच महिना ३० दिन हुने, छैंठौं महिना अर्थात् चउलामा प्रत्येक वर्ष २९ दिन र ४ ले भाग जाने प्रत्येक वर्ष ३० दिन हुने र सातौं महिना बछला, तछला गर्दै कौलासम्म ३१ दिन हुने प्रबन्ध गरेको छ । यसरी पहिलो ५ महिनाको १५० दिन, छैठौँ महिनाको २९ दिन र पछिल्लो ६ महिनाको १८६ दिन गरेर ३६५ दिन हुन्छ । अब ४ वर्षमा एकचोटि चौला महिनाको २९ लाई ३० गरिन्छ, त्यसो गर्दा ३६६ दिन हुन्छ । यस हिसाबले प्रत्येक चार वर्षमा त्यसलाई व्यवस्थित गरेर जान्छ । यो गर्नुपर्नाको कारण सूर्यलाई पृथ्वीले परिक्रमा गर्दा लाग्ने ३६५.२५ को जुन पद्धति छ, त्यो अधिक ०.२५ लाई मिलाउन चौथो वर्ष एकदिन बढाइएको हो । यसरी नेपाल संवत्लाई सौर्य मासमा आधारित बनाएर लाने प्रयत्न भएको छ । नेपाल संवतको सौर्यमास प्रणाली पछिल्लो विज्ञान र प्रविधिको प्रयोग गरी विकास गरेकाले विक्रम संवत्भन्दा वैज्ञानिक र स्तरीय देखिन्छ । यसलाई कतिपय व्यवसायीहरूले आफ्नो आन्तरिक कामकाजमा प्रयोग गर्न पनि सुरु गरेका छन् ।

नेपाल संवत्को वैज्ञानिकताको जुन सवाल छ, त्यसमा नेपाल संवत्मा वैज्ञानिकता छैन भनेर कसैले पनि भन्न सकिने आधार छैन । विज्ञानले कारण र परिणामको माग गर्छ । चन्द्रमास पद्धतिअनुसार यसका तिथि तय हुन्छ । नेपाल संवत्को पात्रो निर्धारण गर्ने विज्ञहरूद्वारा जुन दिन सूर्यग्रहण हुन्छ भनेका हुन्छन्, त्यो दिन सूर्यग्रहण भएकै छ, जुन दिन चन्द्रग्रहण हुन्छ भनेका हुन्छन्, त्यो दिन चन्द्रग्रहण भएकै छ । त्यस्तै पूर्णिमाको दिनमा झलमल्ल जुन लागेकै हुन्छ र औंशीको दिन रात अन्धकार भएकै छ ।

नेपाल संवत्मा तिथिमितिहरू प्रयोग गर्दा हाम्रो देशको संस्कृति, रितिथिति र परम्पराअनुसार चाडपर्वहरूमा तिथि टुट (तुथ) नहुने गरी क्रमशः मनाउने, घडी पला नहेरी दिनभरी एउटै तिथि प्रयोग गर्ने जस्ता सौर्यमासका विशेषताहरूलाई चन्द्रमासकै तिथिमा समायोजन गरी नेपाल संवतको तिथि प्रयोग गर्ने प्रचलन छ । यस्तो प्रवन्ध विक्रम संवतमा छैन । त्यसैले आजभोली स्वन्ति (तिहार वा तिहार= लगातार तीन दिन) हुनुपर्ने कहिले एउटै तथि दुई दिन पारी निन्ति (दुईहार) कहिले घडी पला हेरी तिथि टुट भन्दै चार दिन पारी प्यन्ति (चारहार) हुन थाल्यो । यसपटक त सुरु र अन्त्य हिसाव गरी स्वन्ति (तिहार) ५ दिन हुन गयो । नेपाल संवत् प्रयोग गर्दा यस्तो समस्या नहोस भन्नाका लागि नै शक संवतको तिथिमितिहरूमा आवश्यक स्तरीयकरणसहित यसलाई प्रयोग गरिएको हो भन्ने यसका विज्ञहरूको दावा रहेको स्पष्ट छ ।

नेपाल संवत् प्रारम्भ हुनुको पछाडि राष्ट्रियताको भावना, लोकतान्त्रिक आन्दोलनसँग जोडिएका इतिहास र सामाजिक परिवर्तनका सन्दर्भहरू पनि छन् । नेपालमा अरु संवत्हरूको प्रयोगमा यस्तो देखिँदैन । हामीले पञ्चायतकालमा शुभकामना आदानप्रदानको कार्यक्रम राख्दा दमन गरी धरपकड र राज्य आतंक सृजना गरेपछि हामी पञ्चायत व्यवस्थाविरुद्ध जानैपर्ने स्थिति बन्यो । हामीले लोकतान्त्रिक आन्दोलनसँग जोडेर यसलाई अगाडि बढायौँ ।

राष्ट्रियताका भावना त यो संवत्सँग जोडिएकै छ । यसको नामले त्यसलाई प्रतिविम्बित गर्छ र अन्तर्राष्ट्रिय समुदायमाझ पनि चिनिएकै छ । संयुक्त राष्ट्र संघमा नेपालले सदस्यता प्राप्त भएको बखत भामरतको भन्ला फरक नेपालको मौलिकता झल्काउने माध्यमको रूपमा यहाँको मौलिक संस्कृति, लिपि, संवत् आदि प्रस्तुत गर्नुपर्ने परिस्थिति सृजना भएको थियो । त्यसको एउटा साधन संवत् पनि थियो । नेपालमा लोकतन्त्र बहाली भई २०१५ सालको पहिलो आम निर्वाचपश्चात २०१६ सालमा विश्वेश्वर प्रसाद कोइराला प्रधानमन्त्री भए ।

त्यसपश्चातको लोकतान्त्रिक वातावरणमा संयुक्त राष्ट्र संघका साथै विभिन्न कूटनीतिक नियोगहरूमा नेपाली प्रतिनिधिहरूको पहलमा नेपाल संवतको पहिलो दिन 'नेपाल डे' भनेर मनाउन सुरु भएको थियो । वास्तवमा नेपाल संवतले नेपालको पहिचान स्थापित गर्न मद्दत गरेको पनि थियो । तर नेपालमा जब नेपाल भाषा मंकाः खलःको स्थापना गरी २०३६ सालबाट नेपाल संवत्को शुभकामना आदानप्रदानको भिंतुना जुलुश कार्यक्रम अगाडि बढाइएपछि त्यसमा केही पूर्वाग्रह साँधियो र विविध बहाना बनाएर २०३८ साल (नेपाल संवत् ११०२) तिर आएर संयुक्त राष्ट्र संघ लगायतका कुटनीतिक नियोगहरूमा 'नेपाल डे' मनाउने परम्परा तत्कालीन पञ्चायती सरकारले ग¥यो ।

नेपाल संवत्मा राष्ट्रियताको भावना साथै सामाजिक परिवर्तनको भावना पनि प्रचुर मात्रामा छ । जस्तो कि ऋणमोचन जस्तो लोक कल्याण, सामाजिक न्याय र परोपकारी भावना । आफूले कमाएको सम्पत्तिलाई प्रयोग गरेर सम्पूर्ण जनतालाई ऋण मुक्त बनाएर शंखधर साख्वाःले नेपाल संवत् सुरु ग¥यो । साख्वाः भन्ने शब्द संस्कृतको साखवालबाट आएको देखिन्छ । इतिहासकार भूवनलाल प्रधानका अनुसार साखवाल भनेको ऋण लिने दिने एउटा आर्थिक कारोवार गर्ने समुदाय हो । यसलाई अंग्रेजी भाषामा क्रेडिटर भन्न सकिन्छ । आधुनिक बैंकिंग प्रणाली सुरु नभएको बेला लेनदेन गर्ने सबै कामहरू यिनीहरूबाटै हुने गथ्र्यो । एकजना परोपकारी भावना भएका र व्यापार विनियममा लाग्ने व्यक्तित्वले आफूले कमाएको धनसम्पत्तिबाट ऋणमोचन गरी सम्पूर्ण जनताको ऋणमोचन गरी आर्थिक दासताबाट मुक्त गरेर यो नयाँ संवत् शुरु गरेको हो । त्यसैले नेपालमण्डालका तत्कालीन मूल राजा राघवदेवले आफ्ना जनताको भलो हुने देखी इस्वी संवत् ८७९ अक्टोवर २० का दिनदेखि सम्पूर्ण तिथिहरू शक संवत् र मानदेव संवत्कै प्रयोग हुने गरी त्यसलाई यथावत नै राखेर कछलाथ्व पारुदेखि यो संवत् सुरु गरिएको देखिन्छ । यी तथ्यहरूले यो संवत्को गरिमामय इतिहास पुष्ट्याइँ गर्छ ।

नेपाल संवतको गरिमामय इतिहासलाई फेरी पनि पुनस्र्थापित गर्नु पर्छ र शंखध साख्वाःको लोककल्याणकारी भावनालाई अन्तराष्ट्रिय क्षेत्रमा पनि प्रचार प्रसार गर्नु पर्दछ । नेपालमा पनि सबै तहको सरकार र जनस्तरमा यसको प्रयोग गर्नु पर्दछ । यस सन्दर्भमा २०४६ सालको परिवर्तन र २०६२÷६३ सालको जनक्रान्तिपश्चात गरिएका निर्णयहरू उल्लेखनीय छन् । तर ती निर्णयहरूको पछाडी नेपाल संवत् आन्दोलन को महत्त्वपूर्ण भूमिका रहेको छ भन्ने कुरा भुल्नु हुँदैन । खासगरी २०५६ (नेपाल संवत् ११२०) सालमा तत्कालिन कृष्णप्रसाद भट्टराईको सरकारबाट शंखधर साख्वालाई राष्ट्रिय विभूति घोषणा गर्नु, २०६५ साल (ने.सं. ११२८ मा निर्णय गरी ११२९ को न्हूदँको दिन घोषणा) मा तत्कालिन प्रधानमन्त्री पुस्पकमल दाहाल प्रचण्डद्वारा राष्ट्रिय मान्यताको घोषणा गर्नु र २०८० साल (ने.सं. ११४४) मा सरकारी कामकाजमा प्रयोग गर्ने निर्णय भई कार्यान्वयनमा लानु महत्त्वपूर्ण निर्णय हो ।

त्यसरी नै बागमती प्रदेश सरकार र काठमाडौँ, ललितपुर लगायतका केही स्थानीय सरकारहरूले पनि नेपाल संवतलाई प्रयोगमा ल्याइसकेको छ । त्यसैले प्रत्येक नेपालीहरू, जो न्याय, स्वतन्त्रता, समानता र परिवर्तनका हिमायती छन्, सबैले यसमा गर्व गर्नु पर्छ । यसको मुख्य कारणहरूमाः पहिलो, नेपाल संवत् मौलिक संवत् हो । दोस्रो, यो कुनै देवी देवता, धर्मगुरु वा राजा महाराजाको नाममा स्थापित संवत् होइन ।

तेस्रो, यो संवत्सँग जनतालाई आर्थिक दासताबाट मुक्त गराएको गौरवमय जनश्रुति गाँसिएको छ । चौथो, यो संवत् स्थापना भएको बेलाका राजा राघवदेव स्वयं पनि यस संवत्का संस्थापक शंखधर साख्वाःको देशप्रेम, परोपकारी भावना र ऋणमोचनजस्तो पवित्र कार्यबाट प्रभावित भएर यो संवत् प्रचलनमा ल्याउन स्वीकृति प्रदान गरिनु आदि ।

अन्तमा नेपाल संवत्का प्रवर्तक हाम्रा राष्ट्रिय विभूति शंखधर साख्वाःप्रति हार्दिक सम्मान प्रकट गर्दछु । नेपाल संवत्को नयाँ वर्ष ११४५ भव्य रूपले मनाऔं, राष्ट्रिय एकता प्रकट गरौं । देशभित्र र विदेशमा पैलिएर रहेका सबै नेपालीहरूलाई म हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

(लेखक नेपाल संवत् न्हूदँ राष्ट्रिय समारोह समिति ११४५ को अध्यक्ष हुनुहुन्छ)

# अमेरिकामा ट्रम्पको दोस्रो इनिङ्ग



अफरोज अर्पण
arpan.afroz786@gmail.com



अमेरिकाका नवनिर्वाचित राष्ट्रपति डोनाल्ड ट्रम्पको नयाँ टोली अब आकार लिन थालेको छ । चुनाव जितेको एक सातापछि ट्रम्पले आफ्नो सरकारमा सामेल हुने करिब एक दर्जन अनुहारको घोषणा गरेका छन् । यी व्यक्तिहरूले आफ्ना कर्मचारी र महत्त्वपूर्ण सरकारी विभागहरूको जिम्मेवारी लिनेछन् । ट्रम्पले पत्रकार सम्मेलन र सामाजिक सञ्जालमा जनवरीमा अमेरिकी राष्ट्रपतिको पदभार ग्रहण गरेपछि आफ्नो विशेष ध्यान आप्रवासन र विदेश नीतिमा हुने बताएका छन् । आफ्नो पहिलो कार्यकालको विपरीत, ट्रम्पले आफ्नो दोस्रो कार्यकालको लागि तल्लो तहमा तयारी गरिरहेका छन् । यसका लागि उनले आफ्नो नीतिमा थप स्पष्ट योजना र तयार टोलीसहित काम गर्ने तयारी गरिरहेका छन् । डोनाल्ड ट्रम्पले आफ्नो चुनावी अभियानका क्रममा अवैध आप्रवासीहरूका सम्बन्धमा गरेका वाचाहरू, आफ्नो नयाँ टोलीमा गरेका केही नियुक्तिहरू हेर्दा ती वाचाहरू चुनावी नारा मात्र नभएको देखिन्छ ।



स्टीफन मिलर सन् २०१५ देखि ट्रम्पका नजिकका सल्लाहकार हुन् र उनले आफ्ना भाषणहरू लेख्दै आएका छन् । उनी ह्वाइट हाउसका लागि नीतिहरू बनाउने डेपुटी चिफ अफ स्टाफको पदका लागि ट्रम्पको रोजाइमा परेका हुन् । स्टीफन मिलरले सम्भवतः त्यस्ता मानिसहरूको सामूहिक निर्वासन र संयुक्त राज्य अमेरिकामा अवैध र कानुनी आप्रवासन दुवै घटाउने योजना बनाउनेछन् । ट्रम्पको पहिलो कार्यकालमा, मिलर प्रशासनको सबैभन्दा कडा अध्यागमन नीतिहरू बनाउनमा संलग्न थिए ।

थोमस होमन ट्रम्पको पहिलो कार्यकालमा अध्यागमन र भन्सार प्रवर्तन एजेन्सीको कार्यवाहक निर्देशक थिए । उनले अमेरिका–मेक्सिको सीमामा हिरासतमा रहेका गैरकानुनी आप्रवासीहरूको परिवारलाई अलग गर्ने राष्ट्रपतिको नीतिलाई समर्थन गरे । अहिले उनी सीमासँग सम्बन्धित महत्वपूर्ण जिम्मेवारी लिएर फर्किएका छन् । आलोचकहरूले चेतावनी दिएका छन् कि ट्रम्पको सामूहिक निर्वासन योजनाले ३०० बिलियन भन्दा बढी खर्च गर्न सक्छ । तर, गत हप्ता एनबीसी न्यूजसँगको अन्तर्वार्तामा नवनिर्वाचित राष्ट्रपति ट्रम्पले यो विषयमा खर्चको विषय नभएको बताएका थिए । धेरै रूढिवादीहरूले विश्वास गर्छन् कि चीन आर्थिक र सैन्य मामिलामा अमेरिकाको निरन्तर विश्वव्यापी प्रभुत्वको लागि सबैभन्दा ठूलो खतरा हो । जबकि ट्रम्प यस मामिलामा धेरै सतर्क छन् । उनले चीनको आलोचनालाई व्यापारको क्षेत्रमा मात्र सीमित राखेका छन् । उनले आफ्नो विदेश नीति टोलीलाई चीनको मुखर आलोचकहरूले भरिरहेका छन् ।

ट्रम्पले आफ्नो राष्ट्रिय सुरक्षा सल्लाहकारका रूपमा सेवानिवृत्त सेनाका कर्णेल र फ्लोरिडा कांग्रेसका माइक वाल्ट्जलाई रोजेका छन् । यो ह्वाइट हाउसमा विदेश नीतिसँग सम्बन्धित महत्त्वपूर्ण पद हो । वाल्ट्जले भनेका छन् कि अमेरिका चीनसँग 'शीत युद्ध' मा छ । उनी सन् २०२२ को बेइजिङ शीतकालीन ओलम्पिक खेलकुदको बहिष्कारको लागि अमेरिकालाई अपील गर्ने कांग्रेसका पहिलो सदस्य थिए ।

ट्रम्पले संयुक्त राष्ट्रसंघका लागि अमेरिकी राजदूतका लागि एलिस स्टेफानिकलाई चयन गरेका छन् । अक्टोबरमा, चीन समर्थित ह्याकरहरूले पूर्व राष्ट्रपति ट्रम्पको फोनबाट जानकारी सङ्कलन गर्ने प्रयास गरेको रिपोर्टहरू बीच, एलिस स्टेफानिकले चीनलाई 'चुनावमा निर्लज्ज र दुर्भावनापूर्ण हस्तक्षेप' गरेको आरोप लगाए । यद्यपि ट्रम्पले आधिकारिक रूपमा विदेश सचिवको लागि आफ्नो छनोटको नाम नराखे पनि, मार्को रुबियो, चीनमा नजर राख्ने अर्को सिनेटर, शीर्ष कूटनीतिक पदको लागि प्रमुख दावेदारको रूपमा हेरिन्छ । २०२० मा, रुबियोले हङकङमा प्रजातन्त्र समर्थक प्रदर्शनकारीहरूमाथिको क्र्याकडाउनको लागि चीनलाई सजाय दिने उपायहरूको बारेमा कुरा गरेपछि चिनियाँ सरकारले प्रतिबन्ध लगाएको थियो । व्यापार विवाद र कोविड महामारीको बीचमा ट्रम्पको पहिलो कार्यकालमा अमेरिका–चीन सम्बन्ध प्रायः उथलपुथल भएको थियो ।

ट्रम्पले अमेरिकाको प्रशासनीक खर्चका कटाउन विश्वमा नम्बर एकमा रहेका धनाढ्य एलन मस्कलाई नियुक्त गरेका छन् ।

## ● अमेरिकाले डोनाल्ड ट्रम्पलाई दोस्रो पटक राष्ट्रपतिमा किन चुन्यो ?

पूर्व राष्ट्रपति डोनाल्ड ट्रम्प चार वर्षपछि फेरि चुनाव जितेर अमेरिकाको अर्को राष्ट्रपति बन्न लागेका छन् । यो स्पष्ट रूपमा अमेरिकी राजनीतिक इतिहासमा सबैभन्दा नाटकीय पुनरागमन मध्ये एक हो । ह्वाइट हाउस छोडेको चार वर्षपछि लाखौं अमेरिकी मतदाताले आफ्नो समर्थन दिएर ट्रम्पको पुनरागमनको पुष्टि गरेका छन् । उनको चुनावी अभियान पनि इतिहास हो । यस अवधिमा दुई पटक उनको हत्याको प्रयास भएको थियो । उनका मुख्य र प्रारम्भिक प्रतिद्वन्द्वी, वर्तमान अमेरिकी राष्ट्रपति जो बाइडेनले चुनाव हुनु केही हप्ता अघि आफ्नो उम्मेदवारी छोडे र कमला ह्यारिस डेमोक्रेटिक पार्टीको उम्मेदवार बनिन् । अमेरिकाका महत्वपूर्ण चुनावी राज्यहरूमा मतदाताहरूले ट्रम्पलाई मतदान गर्ने निर्णय गरे, जसमा धेरै मतदाताहरूको लागि अर्थव्यवस्था र आप्रवासीहरूको मुद्दा सबैभन्दा महत्त्वपूर्ण थियो ।

## ● अर्थतन्त्रमा विशेष जोड

जब यो ट्रम्पको कुरा आउँछ, केही व्यक्तिहरूको बीचमा बहष हुन्छ । ट्रम्पले आफ्नो प्रत्येक भाषणमा सोध्ने गर्थे, 'के तपाईं दुई वर्ष अघिको भन्दा राम्रो अवस्थामा हुनुहुन्छ ?'

डोनाल्ड ट्रम्पलाई भोट गर्ने धेरै मानिसहरूले भने 'ट्रम्प राष्ट्रपति हुँदा अर्थव्यवस्था धेरै राम्रो अवस्थामा थियो ।' यद्यपि, अमेरिकामा मुद्रास्फीतिको पछाडि कोभिड–१९ महामारी जस्ता बाह्य कारणहरू बढी महत्त्वपूर्ण छन्, जसका लागि मानिसहरूले वर्तमान अमेरिकी प्रशासनलाई दोष दिइरहेका छन् । अमेरिकी मतदाताहरू पनि गैरकानूनी आप्रवासीहरूको बारेमा गहिरो चिन्तित थिए, जुन जो बाइडेन राष्ट्रपति रहँदा आप्रवासन बढेको छ ।

ट्रम्प र उनका समर्थकहरूले दाबी गरेझैं अमेरिकामा चुनावको समयमा, मानिसहरूले सामान्यतया जातिवादी विचारहरू व्यक्त गरेका थिएनन् वा आप्रवासीहरूले स्थानीय मानिसहरूका घरपालुवा जनावरहरू खाइरहेका थिए भनेर विश्वास गरेका थिएनन् । तर जनता पक्कै पनि सीमामा कडा निगरानी चाहन्थे । बाइडेनको राजनीतिक विश्वसनीयतामा ठूलो गिरावट आएपछि ट्रम्पको पुनरागमन सम्भव भएको हो ।

ट्रम्पले २०२० को चुनावको नतिजा स्वीकार गर्न अस्वीकार गरेका थिए, जसमा उनी जो बाइडेनसँग पराजित भएका थिए । ती चुनावको नतिजा उल्ट्याउन र अमेरिकी राष्ट्रपतिको पद नछोड्ने उनको प्रयासको आज पनि मूल्याङ्कन भइरहेको छ । ट्रम्पलाई जनवरी ६, २०२१ मा क्यापिटल हिल्समा हिंसाका लागि समर्थकहरूलाई कथित रूपमा उक्साएको आरोप पनि लगाइएको थियो । व्यापार अभिलेख नक्कली गरेको र अन्य केही मुद्दामा दोषी पाइए पनि उनी अमेरिकामा राष्ट्रपतिको पद सम्हाल्ने पहिलो व्यक्ति बन्नेछन् । डोनाल्ड ट्रम्प किन धेरै ध्रुवीकरण गर्ने व्यक्ति हुन् भनेर बुझ्न गाह्रो छैन । आफ्नो चुनावी अभियानमा, ट्रम्पले बारम्बार भडकाऊ बयान दिए, ठट्टा गरे र आफ्ना राजनीतिक विरोधीहरू विरुद्ध बदला लिने धम्की दिए ।

## ● 'अमेरिका फर्स्ट' नारा

'अमेरिका फर्स्ट' यी चुनावहरूमा ट्रम्पको नारा थियो जुन वास्तवमा मतदाताहरूसँग सबैभन्दा बढी जोडिएको थियो । देश भरी जताततै युक्रेनलाई समर्थन गर्न खर्च गरिएको अरबौं डलरको बारेमा मानिसहरूले गुनासो गरेका थिए । मानिसहरूले विश्वास गरे कि अमेरिकाको पैसा अमेरिकामै खर्च गर्नु राम्रो हो । अन्तमा, त्यस्ता मानिसहरूले कमला ह्यारिसलाई भोट दिन सकेनन्, जसले चार वर्ष उपराष्ट्रपतिको रूपमा बिडेनसँग काम गरिन् । जनताले कमलालाई निर्वाचित गर्दा बाइडेन र कमला एउटै हो भन्ने सोचेका थिए तर उनी परिवर्तन चाहन्थे ।

सन् २०१६ मा जब ट्रम्प पहिलो पटक सत्तामा आए, उनी राजनीतिक बाहिरी व्यक्ति थिए । केही समयको लागि, ट्रम्पले आफूलाई अनुभवी राजनीतिक सल्लाहकार र अधिकारीहरूले घेरेका थिए जसले आफ्नो कामलाई नियन्त्रणमा राखेका थिए । ट्रम्प अब खेलका नियमहरूद्वारा खेल्न इच्छुक छैनन् ।

## ● जनताको भरोसा जिते

डोनाल्ड ट्रम्पले चुनावी अभियानका क्रममा मतदाताहरूलाई आफ्नो देश असफल राष्ट्र भएको र त्यसलाई फेरि महान बनाउन सक्ने बताएका थिए । यसैबीच कमला ह्यारिसले ट्रम्पले चुनाव जिते भने अमेरिकी लोकतन्त्रको अस्तित्व खतरामा पर्ने चेतावनी दिएकी थिइन् ।

ट्रम्पले रुसी राष्ट्रपति भ्लादिमिर पुटिन र उत्तर कोरियाली नेता किम जोङ उन जस्ता अधिनायकवादी नेताहरूको प्रशंसा गरे । 'उनीहरु आफ्नो खेलको शीर्षमा हुनुहुन्छ, चाहे तपाइँ उसलाई मन पराउनुहुन्छ वा नपराउनुस्' पुटिन र किमको प्रशंषामा ट्रम्पले भने । उनले प्रेसमा आलोचकहरूलाई चुप लगाउने प्रयासको बारेमा कुरा गरे । निर्वाचनको केही दिनअघि उनले सञ्चारमाध्यमका मान्छे मारिएमा आफूलाई केही फरक पर्दैन भन्ने टिप्पणी पनि गरेका थिए । ट्रम्पले चुनावी प्रचारका क्रममा षड्यन्त्र सिद्धान्त र चुनावी धाँधलीको आधारहीन दावीहरू जारी राखे । यद्यपि अन्तिममा उनले चुनाव जिते ।

## ● आलोचकको आरोप

यीबीचमा उनका आलोचक र केही कर्मचारीहरूले ट्रम्पलाई झूटा, फासिस्ट र अक्षम भने । जब ट्रम्पले पद छोडे, उनले क्यापिटल हिल्स दंगामा उनको भूमिका, राष्ट्रिय सुरक्षा–सम्बन्धित कागजातहरू ह्यान्डल गर्ने र पोर्न स्टारलाई पैसा भुक्तान गर्ने सम्बन्धमा धेरै आपराधिक आरोपहरू सामना गरे । तर सर्वोच्च अदालतले आफ्नो निर्णयमा राष्ट्रपतिलाई पदमा रहँदा कुनै पनि आधिकारिक कार्यका लागि अभियोगबाट पूर्ण उन्मुक्ति रहेको बताएकोले अबको शासनकालमा कुनै पनि अभियोजकका लागि अभियोग लगाउने लडाइँ हुनेछ । संयुक्त राज्यको राष्ट्रपतिको रूपमा, ट्रम्पले आफ्नो न्याय विभागलाई दंगासँग सम्बन्धित संघीय आरोपहरू हटाउन निर्देशन दिन सक्छन् ताकि उसले जेल सजायको बारेमा चिन्ता गर्नुपर्दैन । उनले क्यापिटल हिल्स दंगामा भाग लिएको आरोपमा जेल सजाय पाएका सयौं व्यक्तिहरूलाई पनि माफी दिन सक्छन् ।

ट्रम्पका आलोचकहरुले भनेका छन्, 'अब अमेरिकी मतदाताहरूले थाहा पाउनेछन् कि ट्रम्पले चुनावी अभियानका क्रममा जे पनि भनेका थिए त्यो बेकारको कुरा थियो ।'

हामीले यो याद राख्नु पर्छ कि अमेरिकी मतदाताले ट्रम्पको दोस्रो कार्यकालको वास्तविकताको सामना गर्ने मात्र होइनन् । 'अमेरिका फर्स्ट' को अर्थ के हो, अब बाँकी संसारले थाहा पाउनेछ । अमेरिकी आयातमा प्रस्तावित २० प्रतिशत ट्यारिफको विश्वव्यापी आर्थिक प्रभावदेखि लिएर युक्रेन–रसिया युद्ध र मध्य पूर्वमा प्यालेसटाइन र इजरायल युद्ध अन्त्य गर्ने ट्रम्पको वाचालाई के हुन्छ । चीन, भारत, इरान र उत्तर कोरियासँगको अमेरिकी नीति के हुन्छ, उनीहरुसँगको सम्बन्ध कस्तो रहला भन्ने विषयमा ट्रम्पले के गर्ने के गर्छन भन्नेबारेमा विश्वको नजर रहने छ ।



डोनाल्ड ट्रम्प आफ्नो पहिलो कार्यकालमा आफ्ना सबै योजनाहरू कार्यान्वयन गर्न सफल भएनन् । अमेरिकी जनताले ट्रम्पलाई दोस्रो पटक जनादेश दिएका छन् । दोस्रो कार्यकालमा पनि ट्रम्पमाथिको दबाब निकै कम हुने विश्वास गरिएको छ । त्यसैले अब अमेरिकाले मात्र होइन, ठूला चुनावी वाचा गर्ने ट्रम्पले वास्तवमा के गर्न सक्छन्, त्यो हेर्न बाँकी छ ।

*बिबिसी हिन्दीको सहयोगमा*

# अभिनयमा नयाँ परिचय खोजिरहेका विजय

**अशेष अधिकारी**



झण्डै छ महिनाअघि अभिनेता विजय बरालको फोनमा चलचित्रको प्रस्ताव बोकेको फोन आयो । एउटा कलाकारलाई अभिनय प्रस्तावको फोन आउनु सामान्य कुरा हो तर त्यो दिन आएको फोन सामान्य भन्दा केही फरक थियो । चलचित्रका सहायक भूमिकाहरूमा भ्याइनभ्याइ गरी व्यस्त भइरहनु भएका विजयका लागि त्यो फोनमा आएको प्रस्ताव फरक थियो । उहाँलाई कुनै सहायक भूमिका लागि नभई शीर्षक भूमिकाको प्रस्ताव गरिएको थियो । चलचित्रको नाम थियो– पूर्ण बहादुरको सारङ्गी ।

सो प्रस्तावले विजय सुरुमा त अन्योलमा पर्नुभयो । केही दोधारको अवस्था भयो उहाँलाई । झण्डै दुई सातासम्म उहाँले प्रस्तावमाथि कुनै ठोस निर्णय गर्नुभएन । आफैँलाई मन्थनुभयो ? आफूभित्रको अभिनेतालाई प्रश्न गर्नुभयो । ''चलचित्रको प्रस्ताव आएको दिन म ठ्याक्कै अन्योलमा परेँ । किनकी साइड रोलकै लागि मात्र रोजाइमा पर्ने मलाई यस्तो प्रस्ताव बिरलै हुने गर्छ । दुई सातासम्म कुनै निर्णय गरिन'', उहाँले सम्झना गर्दै भन्नुभयो, ''यो प्रस्तावले एक किसिमको ऊर्जा पनि दियो । एउटा समय पनि भयो, अनुभव पनि भयो । अब अनुभवले पनि यस्ता भूमिका गर्नसक्छु भन्ने आँट जुटाएँ । त्यो बेलाको अवस्था एकदम शून्य थियो के गर्ने भनेर । खुशीसहितको शुन्यता ।'

यति भन्दैगर्दा उहाँ आफ्नो कलाकार बन्ने सपना बुनिएका स्कूले जीवन र सोही सपना पछ्याउँदै काठमाडौँ आउनुभएको समयस्मृतिमा पुग्नुभयो । विजयका अनुसार काठमाडौँ छिर्दा उहाँसँग अभिनयका बारेमा केही भ्रममिश्रित सपनाहरू थिए । काठमाडौं आउँदा उहाँलाई लाग्थ्यो उहाँ त्यो बेलाका चर्चित हास्य कलाकारभन्दा उम्दा बनेर निस्किनु हुनेछ, कडा बन्नु हुनेछ ।

सर्लाहीको लालबन्दीका विजय आफ्नो स्कूले जीवनमा त्यो बेलाका चर्चित नेताहरूको आवाजको नक्कलहरू गर्नुहुन्थ्यो । कक्षा आठमा उहाँले पहिलोपटक आफ्नो क्षमता सार्वजनिकरुपमा पस्कनुभयो । त्यतिबेला उहाँले आवाजहरूको नक्कलसँगै आफ्नै गाउँठाउँका चर्चित हास्य कलाकार नारद खतिवडाको हास्यरस मिश्रित 'ढोका खोल न पोस्टेकी आमा ढोका खोल न हो' बोलको गीतमा हास्यप्रधान नृत्य समेत गर्नुभएको थियो । चर्चित नेताको आवाजको नक्कल र साथमा हास्यप्रधान नृत्य हेरेपछि शिक्षक र साथीभाइहरूले उहाँको धेरै प्रशंसा गरे ।



'मेरो नाँच (आवाजको नक्कल देखेर साथीहरूले ओहो ! राम्रो गरिस् भनेर हौस्याए । त्यही चिजलाई मैले अभिनय ठानें किनकी गाउँतिर यसैलाई अभिनय मानिन्थ्यो । साथीहरूको तारिफले मलाई अभिनयतर्फ थप आकर्षित बनाइदियो । मलाई ती तारिफहरूले मैले गर्न सक्रेरहेछु भन्ने आत्मविश्वास बढायो', उहाँले पूराना दिनहरू ताजा गर्दै सुनाउनुभयो । जब उहाँ रङ्गमञ्चतर्फ मोडिनुभयो तब उहाँले आफ्नो पहिलोको सोचलाई निक्कै कमजोर भएको पाउनुभयो । उहाँलाई अभिनय एउटा पोखरी होइन महासागर रहेछ भन्ने लाग्यो ।

'जब क्यारीकेचर गर्न छोडेर रङ्गमञ्चमा गएँ, अभिनयको चिन्तन र प्रक्रिया नै फरक देखें । त्यसपछि मैले राम्रो कलाकार बन्ने सोचेँ ।', केही गम्भीर हुँदै उहाँले भन्नुभयो । उहाँ आफ्नो चेत खुलेको कुरालाई यसरी व्याख्या गर्नुहुन्छ । 'पहिले म हरेक चिजलाई सामान्य सोच्थेँ, मैले जत्तिको कसले गर्न सक्छ र ठान्थेँ । तर जब अभिनयको आयतनमा छिरें तब अभिनय अर्कै चिन्तनको विषय रहेछ, आध्यात्मिक रहेछ भन्ने थाहा पाएँ । सोच र गहिराइमा पुगेर गर्दा फरक चिज निस्कने विषय भएको बुझें ।'



भारतमा ४५ दिनको अभिनय कार्यशाला पुगेपछि आफ्नो कला चेत खुलेको उहाँ बताउनुहुन्छ । त्यो कार्यशाला उहाँका लागि जीवनको कोशेढुङ्गा हुनपुग्यो । त्यहाँ भारतको राम्रा नाटक निर्देशकमा पर्नुहुने एमके रैनाबाट उहाँ प्रशिक्षित हुनुभयो । 'ओहो म त अभिनयलाई सामान्य हिसाबले लिइराखेको थिएँ । यहाँ त हरेक दिन यो कुरा नि पढाइरहेको छ, सबै दृष्टिकोणबाट अभिनयलाई देखाइरहिएको छ पढाइरहिएको छ । समाजको दृष्टिकोणबाट पनि हेरिरहिएको छ । सबै प्रकारबाट दृष्टिगोचर गर्दा त अर्कै चिज रहेछ अभिनय । त्यहाँबाट बल्ल मेरो चेत खुल्यो', उहाँले भन्नुभयो ।

बीचमा उहाँको कलाकार हुने सपना हल्लिएजस्तो पनि भयो । उहाँको बुबा बैंकको जागिरे । कुनै दिन बैंकमा जागिर खानुपर्छ भनेर विजयले व्यवस्थापन पढिराख्नु भएको थियो । यद्यपि बुबाले भने उहाँलाई यही बन्नुपर्छ भन्नुभएको थिएन । बुबाले केही नभन्नुभएको भए पनि हजुरबुबाले भने सहज जीवनयापनका लागि घरको जेठो नातिले बाबुले झैं बैंकको जागिर खानुपर्छ भनेर हौस्याइरहनुहुन्थ्यो । हजुरबुबा विजयलाई भन्नुहुन्थ्यो– 'जागिर गर है जागिर गर, पछि गाह्रे हुन्छ । बाले यसरी पालेका छन् । तैले पनि पाल्नुपर्छ, जे भए पनि घरको जेठो नाति होस् ।'

उहाँले व्यवस्थापन सङ्कायको पढाइलाई निरन्तरता दिदैं आफ्नो अभिनयलाई रङ्गमञ्चमा सक्रिय भएर निरन्तरता दिइराख्नुभयो । यो समयमा कयौं नाटक गरिसक्दा पनि विजयका बाबुले छोरा कलाकार बनेको थाहा पाउनुभएको थिएन । उहाँले पहिलो चलचित्रका रुपमा 'छड्के' गरे पनि बुबाले थाहा पाउनुभएन तर 'कबड्डी' चलचित्र गरेपछि भने थाहा पाउनुभयो । उहाँ छोराको कामबाट खुशी हुनुभयो ।

अभिनयमा लागेपछि विजयले घरबाट आफ्नो खर्च मगाउनु परेको छैन । 'बुबालाई लामो समयसँग म कलाकारितामा लागेको छु भन्ने थाहै थिएन । नाटक गरिरहँदा खास उहाँले थाहा पाउनुभएन । पहिलो चलचित्र छड्के मा अभिनय गर्दा पनि उहाँलाई म कलाकार बनेको पत्तो भएन । उहाँले कबड्डी गरेपछि मात्र म कलाकार बनेको थाहा पाउनुभयो', बरालले भन्नुभयो ।

'कबड्डी' पछि उहाँ त्यसका तीन श्रृङख्लासहित दर्जनौं चलचित्रमा अभिनेता बनिसक्नुभएको छ भने आजको मितिमा उहाँ नेपाली सिने जगतको चिरपरिचित अनुहार बनिसक्नुभएको छ । उहाँले अधिकांश सहायक भूमिका नै गर्नुभयो । सबैभन्दा बढी चर्चा उहाँले 'कबड्डी' चलचित्रको श्रृङ्खलाबाट बटुल्नुभएको छ । उहाँ सो चलचित्रको 'बिके' पात्रबाट नेपाली दर्शकमाझ परिचित हुनुहुन्छ । 'कबड्डी' शृङख्लाको जबरजस्त सफलताका कारण हास्यप्रधान भूमिकामा व्यस्त भइराख्नु भएका विजयलाई अनुभवलाई पनि उहाँले पर्दामा प्रयोग गर्नुभएको छ । अनुभव पनि अभिनयका लागि एकदमै महत्वपूर्ण हुने उहाँ बताउनुहुन्छ । ''यसले पात्रको मनोदशा, अवस्था बुझ्न धेरै सजिलो पर्छ'', उहाँले भन्नुभयो ।

उहाँ आफू बाबु हुनु वा छोरा हुनुको वर्तमान अनुभवलाई यसरी व्यक्त गर्नुहुन्छ । 'अहिले म बुबाको भाव बुझ्छु । एक समय मेरो बुबा मेरा लागि हिरो हुनुहुन्थ्यो । अहिले पनि हिरो नै हो । कहिले कहिले कुनै परिस्थितिमा केही भन्दा तनाव दिनुभयो कि जस्तो नि लाग्थ्यो । अहिले मेरो छोरो भयो । उसले मेरो छात्तीमा ढुक्ढुकाउँदै बाबा–बाबा भन्छ र आफ्नी आमालाई देखाउँछ । उसका लागि म आज हिरो जस्तै भएको छु । म पुग्ने बित्तिकै मेरो बाबा आयो भनेर पुलकित हुने गर्छ । मेरो बुबाको सवालमा पनि त्यही नै थियो', उहाँले भन्नुभयो ।

आज बुबाको सबै भावना उहाँलाई महशुस हुन्छ । उहाँ भन्नुहुन्छ– 'बाबु बाबु नै हुनेरहेछन्, जसले आफ्ना भावनाहरू व्यक्त गर्दैन तर उसको भित्र केही न केही हुन्छ–हुन्छ । बरालका अनुसार छोराको लागि बाबुले सपना देखेको हुन्छन् र छोराले पनि बाबुका लागि सपना देख्नुपर्छ ।'

उहाँ बुबा घुमघाममा रुचि राख्नुहुन्छ । त्यसैले विजय धेरै कुरा पूरा गर्न नसके पनि घुम्ने कुरालाई आफैँ बुझ्दै पूरा गर्ने प्रयास गर्न लागिरहनुभएको छ । बुबालाई आजकल गहिरिएर बुझ्न थालेदेखि विजयले बाबुहरूले सन्तानसँग आफ्ना व्यक्तिगत रहरहरू मुख खोलेर भनिनहाल्ने गरेको थाहापाउनु भएको छ । 'मैले केही समय उहाँका रहरहरू सोध्दा उहाँले यस्तो जवाफ दिनुभयो, तँलाई हामीले बच्चामा सोद्थ्यौं र ?', विजयले आफ्ना बाबुले भन्नुभएको कुरा सम्झनुभयो ।

'उहाँको जवाफले बाबुहरू चाहीँ आफ्नो सन्तानले नसोधी केही दिओस् भन्ने चाहाना राख्नुहुँदो रहेछ, भलै उहाँहरू त्यसका लागि आफैँ सक्षम हुनुहोस् । बाबुहरूले कहिले पनि म दुःखी छु भन्नु हुँदैन तर अपेक्षा चाहीँ भइराख्ने रहेछ', विजयले भन्नुभयो, 'यो

'पूर्ण बहादुरको सारंगी' चलचित्रले गम्भीर भूमिकामा पनि उत्तिकै दक्ष अभिनेताको परिचय पाउने अवसर दिएको बताउनुहुन्छ ।

यो चलचित्रमा उहाँ एकल बाबुको पात्र भूमिकामा देखिँदै हुनुहुन्छ । उहाँ पुनः 'पूर्ण बहादुरको सारङ्गी'कै प्रसङ्गमा फर्कनुभयो । सहायक भूमिका उहाँलाई सजिलो लाग्छ । तर यो चलचित्रको भूमिका फरक र गम्भिर छ । शीर्षक भूमिका नै भएकाले चलचित्रको सम्पूर्ण भार उहाँमाथि नै छ । यसका लागि धेरै मिहेनत परेको सुनाउनुहुन्छ । चलचित्रको 'पूर्ण बहादुर गन्धर्व' पात्र बन्न झण्डै १० दिन तयारी गर्नुभयो । यो १० दिनमा उहाँले गन्धर्वको हाउभाउ, अनुहारको भाव र बोल्ने शैली अध्ययन गर्नुभयो । उहाँले सारङ्गी बजाउन, हातको हर्कत र सारङ्गी बजाउने शैली पनि सिक्नुभयो । पर्दामा 'पूर्ण बहादुर गन्धर्व' नै हो भन्ना लागि आफूले यस्तो गरेको उहाँको भनाइ छ ।

'हामीजस्ता दोस्रो रोजाइका कलाकारकाका लागि यो आयतनको भूमिका बिरलै प्राप्त हुन्छ । यसलाई म जतिसक्दो उत्कृष्ट बनाउन चाहन्थे । त्यसैले मैले यसका लागि पर्दामा जत्तिसक्दो आफूलाई गन्धर्वका रुपमा स्वीकार्य गराउने गरी मिहेनत गरेको छु । पोस्टर, ट्रेलरबाट मैले राम्रो प्रतिक्रिया पाएको छु', उहाँले भन्नुभयो ।

आज उहाँ स्वयं आफू कसैको छोरा त हुनुहुने हुन्छ त्योसँगै आफू पनि एक सन्तानको बाबु बनिसक्नुभएको छ । यसको कुरा हामीले बुझ्ने हो भने बडा गज्जब हुने रहेछ । नबुझ्दा दुःख मान्नुहुँदो रहेछ । तर दुःख लागेको कुरा पनि व्यक्त नगर्ने बानी हुँदोरहेछ । अब चाहीँ बुबाका इच्छालाई सोचेर सम्झेर पूरा गर्ने बाटोमा लागेको छु । बाबुको भावनाहरू कस्तो हुन्छ मैले बुझ्न थालिसकेको छु ।'

आफ्नो चलचित्रले छोराहरूमा यही भावना जागृत गराउन उहाँको विश्वास छ । 'बाबुहरू आफ्नो पूरानो सम्झनामा पुग्नुहुनेछ भने छोराहरूले भने एकचोटी बाबुसँग कुरा गर्नुपर्छ भनेर सोच्नुहुनेछ । बाबु बितिसकेकाहरूका लागि यो चलचित्र हेरेपछि दुःख पनि लाग्नेछ', उहाँले भन्नुभयो, 'बाबुहरूलाई पाँच मिनेट भने पनि समय दिनुपर्नेछ भन्ने लाग्नेछ । बाबुसँग सम्बन्ध खुलेर जान्छ । हामीले थाहा पाएर पनि रोकेको भावनालाई प्रस्फुटन गराउनेछ ।'

चलचित्रलाई सरोज पौडेलले निर्देशन गर्नुभएको हो भने चलचित्र कात्तिक १५ गते लक्ष्मीपूजाको दिनदेखि सार्वजनिक प्रदर्शनमा आएको छ । यो चलचित्रप्रति विजय एउटा कलाकारका रुपमा निक्कै आशावादी हुनुहुन्छ । 'पूर्ण बहादुरको सारङ्गी'बाट गम्भीर अभिनेताको नयाँ परिचय स्थापित हुने उहाँको आशा छ ।



**गङ्गा नदी आसपासमा भक्तजनको घुइँचो:** भारत विहार राज्यको राजधानी पटनास्थित गङ्गा नदी किनारमा कार्तिक शुक्ल पूर्णिमाको अवसरमा शुक्रबार स्नान गर्ने श्रद्धालु भक्तजनको भिड । तस्बिरः विश्वनाथ ठाकुर/रासस



**कमला नदीमा स्नान गर्नेहरुको भीड:** धनुषा र सिरहालाई जोड्ने कमला नदीस्थित बसपिट्टा घाटमा कात्तिक पूर्णिमाको अवसरमा शुक्रबार बिहान कमला स्नान गर्ने भक्तजनको घुइँचो । तस्बिरः अमरेन्द्रकुमार यादव/ रासस

# शक्तिपीठमा परम्परागत मेला शुरू

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्सा र बारा जिल्लाका विभिन्न सातवटा शक्तिपीठमा बिहीवार बिहानैदेखि कार्तिक पूर्णिमाको अवसरमा परम्परागत मेला शुरू भएको छ । पर्सा जिल्लाको ठोरी गाउँपालिकादेखि पटेर्वासुगौली, जीराभवानी, पर्सागढी र आमोदेवीमाईसम्म पाँचवटा स्थानमा मेला लागेको छ भने, बारा जिल्लाको करैयामाई र कोल्हवी नगरपालिकाका शक्तिपीठमा पनि यही दिन मेला लाग्ने परम्परा छ । पर्सा जिल्लाका शक्तिपीठहरू बाघमोर्चामाई, गादीमाई, सुगीभारमाई, कोइलाभारमाई र आमोदेवीमाईमा कार्तिक पूर्णिमाको मेला आयोजना गरिएको हो। मेलामा थारू समुदायका मानिसहरूले विशेष उत्साहका साथ सहभागिता जनाउँदै मन्दिर परिसरमा अस्थायी बसोबासका लागि छाप्रो बनाउने प्रचलन रहेको छ । स्थानीय किंवदन्तीअनुसार, सातवटै देवीहरू एकै ठाउँमा रहेका दिदीबहिनी हुन् तर विभिन्न समयमा यी सात शक्तिपीठहरूमा विभाजित भएका थिए। यही मान्यताअनुसार सातैजना माईको पूजाको लागि लाखौं भक्तजनहरू पर्सा, बारा, रौतहट तथा भारतका विभिन्न स्थानहरूबाट आउने गर्छन् । पर्सागढी नगरपालिका वडा नं ३ का वडाध्यक्ष सुकमान तामाङका अनुसार, मेलामा राति विशेष भीड हुन्छ। कार्तिक पूर्णिमाको दिनमा स्नान गरी पूजा गरेपछि मधेस क्षेत्रमा परम्परागत रूपमा मांसाहारी भोजन सुरू गरिन्छ । यस्तै बाराको फेटा गाउँपालिका वडा नम्बर १ मा पर्ने (खैराती माई) त्रिवेणी संगम घाटमा गंगा स्नान गर्ने भक्तजनहरुको घुइचो लागेको छ । कार्तिक पूर्णिमा नबितेसम्म मधेसी समुदायमा महिलाहरूले शाकाहारी भोजन गर्ने परम्परा रहेको छ । मेलाले धार्मिक, सांस्कृतिक तथा सामाजिक एकता कायम गर्ने विश्वास गरिएको छ ।

# सामाचखेवा पर्व समापन

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्सालगायत मधेशका क्षेत्रमा दाजुभाइ तथा दिदीबहिनीप्रति प्रेम र समर्पण दर्शाउने पर्वका रूपमा मनाइने सामाचखेवा समापन भएको छ । कार्तिक शुक्ल पञ्चमीका दिन शुरु भएको यो पर्व पूर्णिमामा समापन गरिने परम्परा छ । यही परम्पराअनुसार सामा खेलमा प्रयोग गर्ने सतभैया, हात्ती, वृन्दावन, चुगला, सामा र चखेवाका माटाका आकृति दाजुभाइबाट फुटाउन लगाइ जोतिएको खेत वा निर्जन वनमा गाड्ने चलन छ । पर्व समापनमा अवसरमा दिदीबहिनीले दाजुभाइलाई दीर्घायूको कामना गर्दै मीठा परिकार खान दिन्छन् । यसैगरी दाजुभाइले गच्छेअनुसार दिदीबहिनीलाई वस्त्र र नगद दक्षिणा दिन्छन् । सामाचखेवा पर्वका ११ दिन मधेश क्षेत्रमा दिदीबहिनीले



आफ्ना दाजुभाइको सौर्यको वर्णन गर्दै गीत गाएर मनाइने यो पर्व दाजुभाइ दिदीबहिनीबीच प्रेम र समर्पणको प्रतीक मानिन्छ । बोलीचालीमा 'सामा खेल' पनि भनिने यो पर्व दिदीबहिनी र दाजुभाइका लागि आपसी सद्भाव व्यक्त गर्ने उपयुक्त अवसर मानिन्छ । पर्वका ११ दिनको मध्यरातसम्म चौबाटोमा समूहमा एकत्र भएर आफ्ना दाजुभाइको पराक्रमको वर्णान गर्दै दुष्ट चरित्रलाई सत्तोसराप गरेर आफूहरुबीच पवित्र र आत्मीय स्नेह रहेको दर्शाउनु पर्वको मुख्यपक्ष रहेको जानकारहरु बताउँछन् । गीतमार्फत आफूहरुप्रति दिदीबहिनीले दर्शाएका प्रेम र समर्पण भावले आफूहरूको मनोवल सधैँ उच्च रहने उनीहरु बताउँछन् ।
दाजुभाइ दिदीबहिनीप्रति यस्तो प्रेम दर्शाउने यो पर्व करिब साढे पाँचहजार वर्ष पहिले द्वापर युगबाट शुरु भएको मानिन्छ । द्वापर युगमा श्रीकृष्णकी छोरी सामाले चक्रधरसँग प्रेम सम्बन्ध राखेको कुरा एउटा कुरौटेले कृष्णलाई सुनाउँदा छोरी स्वच्छन्द प्रवृत्तिकी भएको झोँकमा दुवैलाई सामा र चखेवा हुने श्राप दिएको पौराणिक कथा छ । श्रीकृष्णका श्रापले चरा भएर विचरण गरेकी बहिनी सामा र उनका प्रेमी चखेवाको मुक्तिका लागि कृष्ण पुत्र साम्बले शिवजीको तपस्या गरेर पिता रिझाउन सक्ने वरदान पाई कृष्णसँग गरेको याचनाबाट उनीहरु श्रापमुक्त भई पूर्वयोनीमा आएर विवाह गर्न पाएका वर्णन पनि पुराणमा पाइन्छ । दाजु साम्बको त्यही गुनलाई सम्झदै सामाले गाएकी गीतको यादमा दाजुभाइप्रति कृतज्ञता जनाउन सामाचखेवा पर्वको परम्परा बसेको छ ।

# कमला नदीमा बेपत्ता दुइ जना मध्ये एक जनाको शव फेला

**मधेशदृष्टि**
**सिरहा ।**
जिल्लाको कमला नदीमा नुहाउने क्रममा बेपत्ता भएका दुई जनामध्ये एक जना मृतावस्थामा फेला परेका छन् । अर्का एक जनाको खोजीकार्य जारी रहेको प्रहरीले जनाएको छ । शुक्रबार कर्जन्हा नगरपालिका १ उत्तरवाहिनीस्थित कमला नदीमा नुहाउने क्रममा डुबेर बेपता भएका मिर्चैया नगरपालिका ५ का बिन्देश्वर मण्डलको छोरा १६ वर्षीय रोशन मण्डलको शव फेला परेको हो ।
उनीसँगै हराइरहेका रामनाथ साहको छोरा १५ वर्षीय लक्ष्मण कुमार साह भने अझै फेला पर्न नसकेको जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएको छ । कात्तिके पूर्णिमा नुहाउन गएका उनीहरू नुहाउने क्रममा पानीमा डुबेका थिए । प्रत्यक्षदर्शीले प्रहरीलाई खबर गर्नासाथ इलाका प्रहरी कार्यालय बन्दिपुर र सशस्त्र प्रहरी बल मिर्चैयाबाट खटिएको प्रहरी टोलीले खोज तलास गर्ने क्रममा नदीमा तैरिरहेको अवस्थामा फेला पारेको हो । घटनाबारे अनुसन्धानका साथै बेपत्ताको खोजीकार्य भइरहेको जनाइएको छ ।

# कर्जन्हाका पूवमेयर भ्रष्टाचारमा दोषी ठहर



**मधेशदृष्टि**
**सिरहा ।**
जिल्लाको कर्जन्हा नगरपालिकाका पूर्वमेयर गंगा पासवानसहित ५ जना भ्रष्टाचार मुद्दामा दोषी ठहर भएका छन् । विशेष अदालतले भ्रष्टाचार मुद्दामा पूर्व मेयर पासमान, प्रमुख प्रशासकीय अधिकृत जगदीश मण्डल, अर्का निमित्त प्रमुख प्रशासकीय अधिकृत बुद्धिमान दनुवार, लेखापाल प्रवीणकुमार महतो र निर्माण कम्पनीका प्रतिनिधि बैजनाथ यादवलाई दोषी ठहर गरेको हो । उनीहरुले नगरपालिकाको प्रशासनिक भवन निर्माणमा भ्रष्टाचार गरेको अदालतको ठहर छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले १४ चैत ०८० मा उनीहरूविरुद्ध आर्थिक हानि–नोक्सानी पु¥याएको आरोपमा मुद्दा दायर गरेको थियो । सो मुद्दामाथि मंगलबार र बुधबारको सुनुवाइपछि विशेष अदालतका सदस्यहरू खुसीप्रसाद थारू, रामबहादुर थापा र मुरारीबाबु श्रेष्ठको संयुक्तले फैसला सुनाएको अदालतका सूचना अधिकारी यज्ञराज रेग्मीले जानकारी दिए । अख्तियारले बिगो दाबी गरेको १ करोड ८ लाख रुपैयाँ असुलका लागि जनही २१ लाख ६० हजार रुपैयाँ भराउने फैसला पनि गरेको छ । सबैको सजाय १० मंसिरमा निर्धारण गरिने समय अदालतले तोकेको छ ।

# घुस दिन नमान्दा बरई परे जेल

**मधेशदृष्टि**
**रौतहट ।**
गत कार्तिक २७ गते रौतहट परोहा नगरपालिका वड़ा ८ मोतीपुर बस्ने राजदेव राउत बरई र उनको श्रीमती, नागरिकतामा भएको गल्तीलाई सच्याउन जिल्ला प्रशासन कार्यालय गौरमा निवेदन पेश गरेका थिए । सो कार्यमा सहयोग सहजीकरणका लागि जनमत पार्टीका नेता बिरेश कुमार बरई गएका थिए । बिरेश सधै जनताको कामका लागि गौर स्थित कार्यालयहरूमा सबैलाई निःशुल्क सहयोग गर्दै आएका छन् । सो निवेदन अनुसार नागरिकतामा संशोधनका लागि राजदेव बरई र बिरेश बरईलाई जिल्ला प्रशासन कार्यालयको कोठा १ देखि ६ सम्म कयौं पटक त्याहाँका कर्मचारीहरूले दौड़ाए । अन्तमा बिरेश बरईले शाखा अधिकृत ओम प्रकाश यादवलाई काम छिटै गरि दिन अनुरोध गरे । जवाफमा ओम प्रकाश यादवले काम गार्हो छ, १० हजार रुपैयाँ दिए काम हुन्छ, भने ।
सो जवाफमा बिरेश बरईले कानूनी प्रक्रियाले मिल्ने काम हो, घुस दिन्न, भने । यसैमा दुवैजनाबीच चर्का चर्की भयो । त्यसपछि सहायक प्रमुख जिल्ला अधिकारीको पत्र सहित बिरेश बरईलाई गिरफ्तार गरियो । सो गिरफ्तारीपछि दिनहु आज या भोलीसम्म छोडी दिने जिल्ला प्रहरी कार्यालय गौरले भन्ने गरेको छ । यसरी साधारण जनतालाई गैरन्यायिक ढंगले, कमिशन, घूसखोरी र भ्रष्टाचारका विरुद्ध



आवाज उठाउने बिरेश बरईलाई गिरफ्तार गर्ने कार्य नितान्त खेदपूर्ण रहेको जनमत पार्टीले भनेको छ । यसमा बिरेश बरईलाई तुरन्त रिहा गरि शाखा अधिकृत ओम प्रकाश यादवलाई कानुन बमोजिम कारवाही गर्न जनमत पार्टी रौतहटले माग गरेको छ ।

# शिख समुदायले मनाए गुरु नानक जन्मजयन्ती

**मधेशदृष्टि**
**वीरगंज ।**
शिख धर्मका संस्थापक गुरु नानक देवको ५५५ औँ जन्मजयन्ती वीरगंजमा विशेष धार्मिक कार्यक्रमसहित मनाइएको छ । प्रत्येक वर्ष कार्तिक शुक्ल पूर्णिमाका दिन मनाइने यस दिवसमा वीरगंजस्थित गुरुद्वारामा विविध कार्यक्रम गरिएका छन् । सो क्रममा वीरगंज महानगरपालिकाका प्रमुख राजेशमान सिंहले गुरु नानकको मानवतावादी सन्देश आजको युगमा अझै सान्दर्भिक रहेको बताए ।
मधेश प्रदेशका पूर्व मुख्यमन्त्री लालबाबु राउतले गुरु नानकले देखाएको सेवा, परोपकार र समानताको मार्ग पछ्याउँदै अगाडि बढ्नुपर्नेमा जोड दिए । कार्यक्रममा सहभागीहरूले गुरु नानकको शिक्षा स्मरण गर्दै जातिवाद, भेदभाव, र हिंसाको अन्त्यका लागि समाजलाई नयाँ दिशा दिने प्रतिबद्धता व्यक्त गरे । कार्यक्रममा वीरगंजस्थित भारतीय महावाणिज्य दूतावासका महावाणिज्य दुत देवी सहाय मीना, नेपाल–भारत सहयोग मञ्चका अध्यक्ष अशोक वैद्य, संविधान सभा सदस्य अजय द्विवेदी, वरिष्ठ पत्रकार चन्द्रकिशोर झा, सामाजिक अभियन्ता प्रकाश थारु लगायतको सहभागिता रहेको थियो ।

# गृह मन्त्रालयको पत्रमा बारा जिल्ला अदालतको कारण देखाउ आदेश

**मधेशदृष्टि**
**वीरगंज ।**
स्थानीय तहलाई कर संकलन नगर्न संघीय सरकारको गृहमन्त्रालयले गरेको पत्राचारमा बारा जिल्ला अदालतले कारण देखाउ आदेश जारी गरेको छ । बाराको महागढीमाई नगरपालिका वडा नं.–५ बस्ने धिरेन्द्र प्रसाद जयसवालले जिल्ला प्रशासन कार्यालय बारालाई विपक्षी बनाई निषेधाज्ञाको माग सहित दिएको निवेदनमा सुनुवाई गर्दै बारा जिल्ला अदालते कारण देखाउ आदेश दिएको हो । निवेदक धिरेन्द्र प्रसाद जयसवालले दिएको निवेदनको सुनुवाई गर्दै बारा जिल्ला अदालतका न्यायधीश जगन्नाथ पौडेलको एकल इजलाशले निवेदकको माग बमोजिम निषेधाज्ञाको आदेश जारी हुनु नपर्ने कुनै कारण, आधार, प्रमाण भए सो समेत खुलाई वाटाका म्याद बाहेक १५ दिन भित्र उपस्थित हुन आदेश दिएको छ । हाललाई छलफल हुने मिति सम्मको लागी निवेदकको ठेक्का अनुसारको कर संकलन गर्ने कार्यमा कुनै किसिमको बाधा अवरोध नगर्नु, नगराउनु पनि अदालतले आदेश दिएको छ ।

# दलहरु केन्द्रीकृत मानसिकताबाट बाहिर आउनुपर्छः डा राउत

**झापा ।**
जनमत पार्टीका अध्यक्ष डा सीके राउतले राजनीतिक शक्तिहरू केन्द्रीकृत मानसिकताबाट बाहिर आउनुपर्ने बताएका छन् ।
उनले प्रमुख दलहरूमा अहिले पनि पुरानै र केन्द्रीकृत सोच हाबी रहेको आरोप लगाए । यही मङ्सिर १६ गते हुने उपनिर्वाचनमा झापाको कनकाई नगरपालिका–६ मा जनमत पार्टीका तर्फबाट उम्मेदवार घोषणा गर्न शुक्रबार कनकाईको चम्पापुरमा आयोजित सभामा मुलुकमा पटकपटक क्रान्तिमार्फत सत्ता फेरिए पनि मानसिकता फेरिन नसकेको बताए ।
अध्यक्ष डा राउतले उत्पीडित समुदाय र आमनागरिकले अनुभूत गर्ने गरी काम गर्न जरूरी रहेकामा जोड दिए । सो पार्टीका तर्फबाट कनकाई नगरपालिका–६ मा शुकलाल राजवंशीलाई उम्मेदवार घोषणा गरिएको छ । झापामा जनमत पार्टीले स्थानीय तहको निर्वाचनमा पहिलोपल्ट भाग लिएको हो ।
निर्वाचन कार्यालय झापाका अनुसार कनकाई–६ मा दुई हजार ५८ मतदाता रहेका छन् । विसं २०७९ को स्थानीय तह निर्वाचनमा नेकपा (एमाले)बाट निर्वाचित वडाध्यक्ष दीर्घबहादुर थापाको निधन भएपछि यहाँ उपनिर्वाचन हुन लागेको हो । रासस

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन